# बाग्लुङ्ग जिल्लाको दमेक गाविसमा माओवादीद्वारा गरिएको मानवअधिकार ज्यादतिसम्बन्धी घटनाको

# स्थलगत अध्ययन प्रतिवेदन

## सारांश


स्थलगत अवलोकन तथा घाइते, प्रत्यक्षदर्शी, प्रशासनिक निकाय र राजनीतिक दलका व्यक्तित्वहरूसँगको कुराकानीसमेतका आधारमा दमेक गाविसका रुपा थापा र भविलाल छन्त्याललाई ०६१ मंसिर १४ गते राति आ-आफ्नो घरमा सुतिरहेको अवस्थामा उठाएर माओवादीका कार्यकर्ताहरूले काठ छेड्ने बर्मा तिघ्रा, पिँडौलालगायत खुट्टाका अन्य भागमा रोपेर प्वाल पारी यातना दिएको पाइयो। सोही गाविसका रामप्रसाद आचार्यलाई बाँसका लठ्ठी, भाला जस्ता हतियारले हिर्काएर दाहिने हात र दुवै खुट्टा भाँचिदिएको र उनको मुत्र थैलीमासमेत असर पारेको पाइयो। यसै गरी दमेक गाविसका हरिप्रसाद सापकोटा, मेखप्रसाद सापकोटा, शालिकराम सापकोटा, विनामारे गाविसका हरिदत्त आचार्य, भवानी आचार्य, नारायण पौडेल, टेकनाथ आचार्य, डोलनाथ पौडेल, इश्वरी पौडेल, हरि आचार्य, गुरु आचार्य, नारायणदत्त आचार्य, अदुती सापकोटा, पार्वती सापकोटा, शिवु पाठक, देवी थापा, शान्ति थापा र लीला आचार्यलाई पनि सोही राति माओवादीले घर घरमा गई कुटपिट गरेको पाइयो। कुटपिटबाट पीडित भएकाहरूको हात भाँच्चिएको, शरीरको विभिन्न भागमा सुन्निएका र निलडाम रहेको देखिन्छ। माओवादीहरूले त्यही रात दमेक गाविसका लालबहादुर छन्त्याल, सर्कुवा गाविसका भरत पौडेललाई अपहरण गरे। कुश्मिसेरा गाविस ५, कुश्मिसेरा बजारका कुमार थापालाई भोलिपल्ट राति माओवादीले अपहरण गरियो। अपहरितहरूलाई हालसम्म मुक्त गरिएको छैन।



*अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), महिला कानून र विकास मञ्च, इन्हुरेड इन्टरन्याशनल/हिमराइट्स, बाल मजदुर सरोकार केन्द्र (सिविन),*
*नेपाल ग्रामीण पुर्ननिर्माण (आरआरएन)लगायत मानवअधिकार सन्धि अनुगमन समन्वय समितिमा संलग्न मानवअधिकार संस्थाहरू र असल छिमेकी सहयोग (गोनेसा), पोखरा*

## १. पुष्ठभूमी

मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको संयोजनमा नौ सदस्य टोलीले ०६१ मंसिर १८ देखि २३ सम्म बाग्लुङ्ग जिल्लाको दमेक गाविसमा जनमोर्चा नेपालका कार्यकर्ता माथि माओवादीले गरेको ज्यादतिको घटनाको सम्बन्धमा स्थलगत अध्ययन गर्‍यो।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (Human Rights Treaty Monitoring Coordination Committee) चौंतीसवटा मानवअधिकार संघसंस्थाको साझा मञ्च हो। यो मञ्च विगत तीन वर्षदेखि मानवअधिकारको क्षेत्रमा सक्रियरूपमा कार्यरत छन्। मञ्चले नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि तथा अभिसन्धिहरूले राज्यमाथि सृजना गरेको राज्यको दायित्वको आधारमा मानवअधिकारको प्रत्याभुतिको लागि आफ्ना गतिविधिहरू सञ्चालन गरेको छ/छैन भनी राज्यको गतिविधिमासमेत ध्यान दिंदै नागरिक समाजको तर्फबाट संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरिने वैकल्पिक/छायाँ प्रतिवेदनसमेत तयार गर्दै आएको छ। यसका अतिरिक्त देशभित्र भएका मानवअधिकार उल्लंघका घटनाहरूमा अनुगमन गर्दै आएको छ।

HRTMCC का सदस्य संस्थाहरू समेतको नौ सदस्यीय एक टोली घटनास्थल पुगेको थियो। उक्त टोलीमा तल उल्लेख भए बमोजिमका संघसंस्थाको व्यक्तिहरूको उपस्थिति थियो।

**अनुगमन टोलीका सदस्यहरूको नामावली**

| क्र. सं. | संस्थाको नाम | संस्था प्रतिनिधिको नाम |
|---|---|---|
| १. | अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक, पोखरा | सोमराज थापा |
| २. | अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक, काठमाडौ | जीवन्त वाग्ले |
| ३. | यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल | श्यामबाबु काफ्ले |
| ४. | महिला कानून तथा विकास मञ्च, काठमाडौ | लोकहरि बस्याल |
| ५. | ईन्हुरेड ईण्टरन्याशनल/हिमराईट्स, काठमाडौ | सुशिल श्रेष्ठ |
| ६. | नेपाल ग्रामीण पुनर्निर्माण संस्था, पोखरा | प्रदीप विश्वकर्मा |
| ७. | असल छिमेकी सहयोग संघ, पोखरा | भागिरथ अधिकारी |
| ८. | बालमजदुर सरोकार केन्द्र(सिविन), पोखरा | प्रेम सोडम्याङ |

## २. अनुगमनको उद्देश्य

प्रस्तुत घटनाको अनुगमन गर्ने प्रमुख उद्देश्य भनेको घटनाको स्थलगत भ्रमण गरी यथार्थ पत्ता लगाई आगामी दिनमा यस्ता घट्नाहरू नहोऊन् भनि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु हो। साथै घटनाबाट पीडित तथा पीडितको परिवार र स्थानीय वासिन्दामा परेको असर बारे जानकारी हासिल गर्ने।


## ३. घटनास्थल

दमेक गाविस १ र ४ घटना घटेका प्रमुख स्थानहरू हुन्। यसबाहेक घटना बिनामारे, सर्कुवा र कुश्मीसेरा गाविसमा पनि घटेको थियो। यी सबै गाविसहरू बाग्लुङ्ग जिल्लाको दक्षिणी भेगमा पर्दछन्। यी गाविसहरूसम्म पुग्न सदरमुकामबाट हिंडेर जाँदा पुरै एक दिन लाग्दछ जहाँ सरकारको उपस्थिति शून्य छ।

### ३.१ घटनास्थलसम्म पुग्ने बाटो

घटनास्थलसम्म पुग्न पर्वत जिल्लाको सदरमुकाम कुस्मा बजारबाट कालिगण्डकीको किनारै किनारहुँदै स्थानीय व्यक्तिहरूको लागि कुश्मीसेरा बजारसम्म पुग्न तीन घण्टाको पैदल यात्रा गर्नुपर्दछ। जहाँबाट सर्कुवा, बिनामारे र दमेक गाविस जानलाई उकालो बाटो हिंड्नु पर्दछ। कुश्मीसेराबाट सर्कुवा निवासी अपहरित भरत पौडेलको घरमा पुग्न करिब ४५ मिनेटको पैदल यात्रा गर्नुपर्दछ भने बिनामारे पुग्नलाई दुई घण्टाको पैदल यात्रा गर्नुपर्दछ।  त्यस्तै दमेक गाविसको घटनास्थल पुग्न करिब ४ घण्टा पैदल उकालो हिंडनु पर्दछ।

३.१ घटनास्थलको नक्सा



## ४. अनुगमन टोलीले भेटेका व्यक्तिको नाम

| क्र. सं. | भेटेका व्यक्तिको नाम | पद | कार्यालय/संस्था | मिति |
|---|---|---|---|---|
| १. | प्रेमनारायण शर्मा | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग | ०६१/८/२१ |
| २. | बुद्धि गुरुङ्ग | प्रहरी निरीक्षक | जिल्ला प्रहरी कार्यालय, बाग्लुङ्ग | ०६१/८/२१ |
| ३. | नरेन्द्र चन्द | सेनानी | २३ नं. बाहिनी बाग्लुङ्ग | ०६१/८/२१ |
| ४. | आनसिंह बिष्ट | ,, | ,, | ०६१/८/२१ |
| ५. | लीलाबहादुर थापा | केन्द्रीय सदस्य | जनमोर्चा नेपाल, पूर्व जिविस सभापति बाग्लुङ्ग | ०६१/८/२१ |
| ६. | टंक प्रसाद सापकोटा | समाजसेवी | नेकाँ. कुश्मीसेरा गाविस | ०६१/८/२१ |
| ७. | नन्दलाल सापकोटा | प्रधानाध्यापक | सुन्तलाचौर मा.वि. दमेक | ०६१/८/२० |
| ८. | लक्ष्मी दत्त पौडेल | जिल्ला कमिटी सदस्य | नेकपा एमाले बाग्लुङ्ग | ०६१/८/२१ |

## ५. घटनामा पीडित व्यक्तिहरू

उल्लेखित स्थानमा दुई किसिमका घटनाहरू भएका छन्। एउटा घटना यातना हो भने अर्को अपहरण। यातना पाउने र अपहरणमा पर्ने व्यक्तिहरूको नाम छुट्टाछुट्टै तल प्रस्तुत गरिएको छ।

**यातना पीडितहरू**

| क्र. सं. | नाम | उमेर | लिङ्ग | ठेगाना | यातना पाएको मिति | यातना पाएको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पत्नी रुपा थापा | ४० | महिला | दमेक गाविस ४ सुन्तला चौर, बाग्लुङ्ग | ०६१/८/१४ गते राति ७ देखि ८ बजेको समयमा | आफ्नै निवास | त्रि.वि. शिक्षण अस्पताल काठमाडौंमा उपचार भईरहको |
| २. | भविलाल छन्त्याल | ३१ | पुरुष | कालापातल गाविस | ,, | दमेक गाविस ४ | ,, |
| ३. | रामप्रसाद सापकोटा | ३० | पुरुष | दमेक गाविस १ | ०६१/८/१४ गते राती १० बजे | घर नजिक पोखरीमा | त्रि.वि.शिक्षण अस्पतालबाट रिफर गरी हाल बीर अस्पतालमा उपचार भईरहको |
| ४. | हरिदत्त आचार्य | ५१ | पुरुष | बिनामारे गाविस ३ | ०६१/८/१४ गते राती करिब ११ बजे | बिनामारे गाविस २ स्थित मिना लक्ष्मीको घर नजिक | हात भाँचिएर बाग्लुङ्गमा उपचार गराई हाल घरमै |
| ५. | भवानी आचार्य | | पुरुष | बिनामारे गाविस २ | ,, | ,, | आँखा छेउमा चोट |
| ६. | नारायण पौडेल | १९ | पुरुष | ,, | ,, | ,, | दाहिने गाला सुन्निएको |
| ७. | टेकनाथ आचार्य | | पुरुष | ,, | ,, | ,, | दाहिने गाला |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | सुन्निएका |
| ८. | डोलनाथ पौडेल | ३६ | पुरुष | ,, | | ,, | खुट्टामा चोट, पट्टि बाँधेको |
| ९. | ईश्वरी पौडेल | ३२ | पुरुष | ,, | ,, | ,, | बाँसको भाटा प्रहार |
| १०. | हरि आचार्य | | पुरुष | ,, | ,, | ,, | ,, |
| ११. | गुरु प्रसाद आचार्य | | पुरुष | ,, | ,, | ,, | सामान्य कुटपिट |
| १२. | नारायणदत्त आचार्य | | पुरुष | ,, | ,, | ,, | ,, |
| १३. | लीला आचार्य | | पुरुष | ,, | ,, | ,, | ,, |
| १४. | हरिप्रसाद सापकोटा | ६१ | ,, | दमेक गाविस १ | ०६१/८/१४ गते राती १० बजे | निवास | घुँडा सुन्निइरहेका |
| १५. | शालिकराम सापकोटा | ५७, | पुरुष | दमेक १ | ०६१/८/१४ गते राति | निवास | घुँडा सुन्निइरहेका |
| १६. | मेखप्रसाद सापकोटा | ४० | पुरुष | दमेक १ | ०६१/८/१४ गते राति | निवास | घुँडा सुन्निइरहेका |
| १७. | देवी थापा | २४ | महिला | कुश्मीसेरा गाविस ५ | ०६१/८/१५ गते राति १ बजे | निवास | |
| १८. | शान्ति थापा | ३५ | महिला | कुश्मीसेरा गाविस ५ | ०६१/८/१५ गते राति १ बजे | निवास | हात बाँधी कुटपिट |
| १९. | शिवु पाठक | | पुरुष | कुश्मीसेरा गाविस ५ | ०६१/८/१५ गते राति १ बजे | निवास | निधारमा चोट |
| २०. | पार्वती सापकोटा | १५ | महिला | दमेक ४ | ०६१/८/१४ गते राति ८ बजे | निवास | सामन्य कुटपिट |
| २१ | अदुती सापकोटा | ४८ | महिला | दमेक ४ | ०६१/८/१४ गते राति ८ बजे | निवास | सात महिनाकी गर्भवती, उपचार नगराइएको |

**अपहरित व्यक्तिहरू**

| क्र.सं. | नाम | उमेर | लिङ्ग | ठेगाना | अपहरण मिति, स्थान र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लालबहादुर छन्त्याल | | पुरुष | दमेक गाविस ४ | ०६१/८/१४ गते राति ७ देखि ८ बजेको बीचमा आफ्नै घरबाट | अध्ययन गर्दाको समयसम्म बेपत्ता |
| २. | भरत पौडेल | | पुरुष | सर्कुवा गाविस | ०६१/८/१४ गते राति करीब ११ देखि १२ बजेको बीचमा आफन्त मिनालक्ष्मी आचार्यको घरबाट | ,, |
| ३. | कुमार थापा | | पुरुष | कुश्मीसेरा गाविस ५, कुश्मीसेरा बजार | ०६१/८/१५ गते राति १ बजे | ,, |

## ६. अनुगमन पद्धति

अनुगमन टोलीले निम्न लिखित पद्धतिहरू अवलम्वन गरी घटनाको अनुगमन गरेको थियो।

### ६.१ अवलोकन

अनुगमन टोलीले घटनास्थल जानुभन्दा अगाडि उपचारको लागि त्रि.वि.शिक्षण अस्पताल, काठमाडौमा राखिएको अवस्थामा पीडितहरूलाई भेटेर घाउचोटसमेत अवलोकन गरेको थियो।

### ६.२ भेटघाट

अध्ययनको क्रममा घटनास्थल, प्रत्यक्षदर्शी, स्थानीय वासिन्दालगायत घटनासँग सरोकारवाला व्यक्ति, संघसंस्थासँग भेटघाट गरेको थियो। टोलीले घटनासँग सम्वन्धित माओवादी कार्यकर्तासँग भेटघाट गर्न भरमग्दुर प्रयास गरेपनि सफल सकेन। टोलीले भेटेको घटनासँग सम्बन्धित व्यक्तिहरू अनुसूची- २ मा प्रस्तुत गरिएको छ।

### ६.३ पूर्व प्रकाशित सामग्रीहरूको संकलन र अध्ययन

टोलीले प्राप्त गरेको घटनासँग सम्वन्धित कागजातहरू अनुसुचि ३ राखिएको छ।

## ७. पीडितहरूको भनाई

### ७.१ पीडित रुपा थापा, वर्ष ४०, दमेक गाविस ४

रातको अन्दाजी ७.३० देखि ८.०० बजेको थियो होला। उक्त समयमा म आफ्नै ओछ्यानमा बसेर अध्ययन गरिरहेकी थिएँ। मलाई सोही समयमा पिसाब आएकोले पिसाब गर्न बाहिर निस्किएँ। बाहिर निस्कँदा रातको समय भएकोले यति नै भन्न नसकेपनि करिब ६०/७० जनाको माओवादी समूहले मेरो घर घेरेको रहेछन्। सो अवस्था भएपनि म आफुलाई पिसाब लागि रहेको हुँदा ट्वाईलेट गएँ। ट्वाईलेट जाँदासम्म मलाई उनीहरूले केही गरेनन्। ट्वाईलेटबाट फर्किएर मैले घरको ढोका बन्द गर्न लागें। ढोक बन्द गर्न लाग्दा उनीहरूले ए ढोका बन्द गर्न लागि छोप छोप भनेर आवाज निकाले। सो आवाज निस्कनासाथ उनीहरू माओवादी हुन भन्ने कुरामा म ढुक्क भएँ। माओवादीका कार्यकर्ताहरू खान बस्न दिनु पर्‍यो भनेर ०६१ भदौ १५ गते मेरोमा आएका थिए। तर मैले उनीहरूलाई मेरो घरमा बस्ने ठाउँ पनि छैन , ऋण गरेर यो घर बनाएकी हुँ। खान दिने स्थितिमा पनि छैन भनेपछि उनीहरूले मलाई वार्निङ्ग दिएर गएका थिए। त्यसैले उनीहरू नै हुन भन्ने मैले निश्चित गरे.।

मैले यति कुरा सोची सक्दा नसक्दा मैले भित्रबाट प्यासेजको ढोका बन्द गर्न सफल भएँ। त्यसपछि उनीहरूले मलाई ढोका खोल भनि रहे। तर मैले घरभित्रैबाट राजनीतिकरूपमा प्रतिवाद गरिरहें। ऐले राति

किन ढोका खोल्नु, भोली दिउँसो आउनुस् अहिले राति के कुरा गर्ने, म ढोका खोल्दिन भनें। मेरो जवाफपछि बाहिरबाट ढोका नखोले हामीले घर बाहिर ग्रीनेट राखेर घर पड्काई दिने धम्की दिए। मैले पार्नुहुन्छ भनें, घर ध्वस्त पार्नुहोस्, म पनि घरभित्रै ध्वस्त हुन तयार छु भनें। यति भन्दासम्म म प्यासेजको ढोका लगाई सोही ठाउँमा उभिई रहेकी थिएँ।

यसरी मैले ढँका नखोलेपछि म उभिएको दाहिनेतिर रहेको पसल राख्ने ठाउँ भएको ढोकामा प्रहार गर्न थाले। उनीहरूको प्रहारबाट पसल राख्ने तिरको ढोका फुट्यो। त्यसपछि पसल भएको कोठाबाट प्यासेजतिर आउने ढोकामा उनीहरूले प्रहार गरी ढोकाको एउटा पल्ला समेत फुटाई ढोका फोड्नेमध्ये एकजनाले प्यासेजको ढोका खोल्यो। ढोका खोलेपछि उनीहरूको हुल मेरो घरभित्र पस्यो र मलाई एक हुलले समातेर पसल भएको कोठामा पुऱ्याए। उनीहरूको अर्को हुल अरु कोठा तिर लागेछन्। कोठामा गएर कालापातलका भाईहरूलाई हप्काएछन्। साँहिला भाई (लालबहदुर) लाई पनि अपहरण गरेर लगेछन्।

मलाई उनीहरूले पहिले पसल राखेको कोठामा ल्याई सो कोठामा रहेका खाटमा सुताए। मैले सो समयसम्म पनि राजनीतिक प्रतिवाद गरिरहें। तर उनीहरूले त्यसको कुनै जवाफ नदिई मलाई खाटमा सुताईसकेपछि फर्काई फकाई लौराले पिटे। त्यो बेला पनि मैले प्रतिवाद गरिरहें। तर उनीहरूले यातना दिईरहे। धेरै बेर मलाई लौराले यातना दिएपछि उनीहरू मध्ये कै एकजना केटाले मैले लगाई रहेको ट्राउजर खोल भनि उनीहरू कै समूहकी महिलालाई अह्राए। त्यसपछि महिलाले मैले लगाई रहेका ट्राउजर फुकालि दिए। ट्राउजर खोलेपछि देब्रे खुट्टामा दुई पटक र दाहिने खुट्टामा एक पटक वर्मा रोपे। घाउको प्रकृति हेर्दा बर्मा नै हो भन्ने लाग्छ। त्यसपछि म बोल्न सकिन। म बोल्न नसक्ने अवस्था भएपनि उनीहरूको यातना दिने काम त्यतिले मात्र सकिएन। मलाई त्यसपछि कुमदेखि तल सबै तेजुका जस्ता लौराले पूरी बेलेजस्तै बेले। त्यति भएपछि बिहानसम्म मर्छे भन्दै मेरै ओछ्यानमा लगेर मलाई फाली उनीहरू त्यहाँबाट हिंडे। उक्त समूहमा मैले चिनेका मध्ये प्रकाश, मधु, ओली, नेत्र र डलबहादुर खड्का समेत थिए। अहिले मेरो पाखुरामा चोट छ, देब्रे हात आजपनि मुठी पर्दैन, दाहिने खुट्टामा एक र देब्रे खुट्टामा दुईवटा उनीहरूले रोपेका प्वाल छन्। खुट्टाको भाग पुरै पिल्लिएको छ। स्वास्थमा सुधार हुँदै गएको छ।

### ७.२ भविलाल छन्त्याल, वर्ष ३१ दमेक गाविस ४, त्रि.वि. शिक्षण अस्पताल, काठमाडौं

०६१ मंसिर १४ गते बेलुका ८ बजे तिर करिव १०-१२ जनाको एक समूह म वसेको कोठामा आएर घर घेरा हाले। त्यसपछि म उनीहरूको कब्जाबाट उम्किएर घर बाहिर आउँदा बाटोमा ढुंगामा ठोक्किएर लडें। माथि डिलबाट उनीहरूले ढुंगाले निधारमा हिर्काएर घाइते बनाए अनि म भाग्न सकिन। मलाई उनीहरूले बाँसको लाठि, भाला, बन्दुकको कुन्दाले मेरो खुट्टामा हिर्काएर गए। म हिड्न सकिन। मलाई छिमेकीहरूले उपचारका लागि अस्पताल पुऱ्याए।

### ७.३ पीडित रामप्रसाद सापकोटा, वर्ष ३० दमेक गाविस १ हाल वीर अस्पताल काठमाडौं

पीडित रामप्रसाद सापकोटाले घटनाको बारेमा भन्न नसक्ने अवस्था भएकोले घटनाको सम्बन्धमा पत्नी गीता पौडेल, वर्ष २४ ले टोलीलाई जानकारी दिनु भएको थियो।

०६१ मंसिर १४ गते राति १०.३० बजे हाम्रो घरमा करिव ४०-५० जनाको हतियारधारी एक समूहले घर घेरा हाली ढोका खोल्नसम्म पनि केही नभनेर हामी सुतिरहेको अवस्थामा झपेन्द्र सर, उहाँ( श्रीमान)लाई हातमा समातेर जवरजस्ती बाहिर लगे अनि मैले तपाईहरू को हो भन्दा “हामी माओवादी हौं हामीलाई हाम्रो पार्टीले निर्देशन दिए अनुसार कारवाही गर्छौं, आज उहाँ मात्र होइन गाउँका अन्य व्यक्तिहरूलाई पनि कारवाही गर्ने कार्यक्रम छ” भन्दै केही कुराकानी गर्नुछ भनी लिएर गए। वुवा र मैले सोधपुछ गर्न लाग्दा उल्टै हामीलाई कुटपिट गरे। वुवालाई ३, ४ लठ्ठि हिर्काएर थला पारे। उनीहरूले घर भन्दा केही तल सिम्ले पोखरीमा लगेर कुटपिट गरे। लठ्ठिले कुटपिट गरेको आवाज घरसम्म सुनिएको थियो। शुरु शुरुमा ऐँया भनेको आवाज थियो तर पछि आवाज आउन नै छाड्यो। करिव १० मिनेटसम्म कुटपिट गरेपछि आँगनमा ल्याएर “ल तेरो श्रीमानलाई राख” भन्दै वेहोस अवस्थामा छाडेर गए। उनीहरू गइसकेपछि पतिलाई उपचारको लागी लैजान लाग्दा बाटोमा पर्ने शालिकराम सापकोटाको घरमा वसेका २,३ जना माओवादीले हामीलाई रोके। अनि “पख हामीले सोधेर आउछौ” भनेर गए, एक छिनपछि आएर “तिमिहरू भोली विहान चार बजेपछि मात्र तल सेरा बजार जान पाउछौ” भने। हामीले भोलीपल्ट मात्र

वागलुङ अस्पताल लग्यौं त्यहाँबाट पोखरा रिफर गरेपछि त्यहीदिन दिउँसो पोखरा लग्यौ। त्यहाँबाट पनि काठमाडौ टिचिङ अस्पतालमा रिफर गरेपछि मंसिर १६ गते मात्र यहाँ ल्याएका हौं।

## ८. घाइते तथा प्रत्यक्षदर्शी र घटनाको बारेमा थाहा पाउने स्थानीय व्यक्तिहरू

### ८.१ प्रत्यक्षदर्शी

गएको मंसिर १४ गते करिव बेलुका १०:३० बजे झपेन्द्र र राम प्रसाद सापकोटाको घरको माथिल्लो तल्लामा सुतिरहेको अवस्थामा अन्दाजी ५० जनाको हतियारधारी टोली रितिपबाट आएका थिए। एरिया सेक्रटरी प्रकाशको नेतृत्वमा आएका माओवादीको उक्त समूहले शुरुमा घरलाई चारैतिरबाट घेरा हालिसकेपछि प्रकाशले राम प्रसाद राम प्रशाद भनेर बोलाएका थिए। घरमै सुतिरहेका बुबा (हरि प्रसाद सापकोटाले) रामप्रसाद यहाँ छैन भनेका थिए र पछि बुबालाई पनि बाहिर बोलाएर रामप्रसाद छैन भन्छस् भनि बुबाको तिघ्रमा लौराले दुईतिन चोटि हानेका थिए। सशस्त्र प्रहरीले लगाउने जस्तो लुगामा आएका माओवादीहरूले बुबालाई कुटपिट गरिसकेपछि ढोकामा लाठीले हानेर ५ जना जति घरको सिरानको तल्लामा पसेका थिए। झपेन्द्रसँगै रहेका रामप्रसाद सापकोटालाई तँ घरमै रहिछस् भनेर घरमै कुटपिट गरेका थिए। तँ अब मरिस् भन्दै रामप्रसादलाई घरको सिरान तल्लाबाट तल खसालेका थिए। यो तँलाई पहिलो कारबाही हो भन्दै ४/५ जनाले निरन्तर कुटिरहेका थिए। त्यो समयमा अरु माओवादीहरू घरलाई घेरा हालेर बसेका थिए। आमा बुबाको हारगुहार पनि नमानि उनिहरूले रामप्रसादलाई लछारपछार गर्दै लतार्दै घरभन्दा करिब ५० फिट तलरहेको सिम्ले पोखरीसम्म लगेका थिए। पोखरीसम्म लाने क्रममा उनिहरूले मेरो भाईलाई आँगनको डिलबाट खसाल्दै सिम्ले पोखरीको डिलसम्म लगेर पानी नभएको उक्त पोखरीमा दुवै हात बाँधेर लौरोले पिटेका थिए। महिला माओवादीहरूसहित आएका सो समुहको १०/१२ जना घरमै बसिरहेका थिए। तल दाईलाई उनिहरूले खुट्टा ठाडो र टाउको तल पारेर लौराले कम्मरभन्दा मुनि १५/२० मिनेटसम्म लगातार पिटेका थिए। दाहिनेतिर बढि मात्रामा पिटिएका मेरो दाई अचेत नहुँदासम्म पिटिएका थिए। बिहोस भएपछि उनिहरूले दाईलाई ४/५ जनाले झुण्ड्याएर घरसम्म पुऱ्याइदिएका थिए। घरमा ल्याइसकेपछि भाउजू (गीतादेवी सापकोटालाई) बोलाएर "तेरो श्रीमानको बारेमा बुझ र पानी खान्छ भने खुवा" भनेर अचेत अवस्थामा छोडेर गएका थिए। घरमा आउदाँ खाना खान नदिएको भन्ने आरोपमा मेरो दाईलाई माओवादीहरूले यसरी कुटेका हुन्। हामी जनमोर्चाको कार्यकर्ता माओवादीहरूको भण्डाफोर अभियानमा लागेकाहरूले उनिहरूलाई खाना खान र बास बस्न किन दिने ?

रामप्रसादको घरभन्दा अलिक पर मेरो घर छ। रामप्रसादलाई कुटपिट गरिसकेपछि उनीहरू मेरो घरमा पनि आएर गन्जी र कट्टु मात्र लगाएको अवस्थामा नै घरभन्दा १० मिनेट पर लगेर मलाई पनि कुम र छातीमा हानेका थिए। खाना खान दिइनस् भने फेरी कारबाही गर्छु भनि उनिहरू शालिकरामको घरमा गएका थिए। उनिहरूले मलाई छोडेर गइसकेपछि मात्र मैले मेरो भाई रामप्रसाद नराम्रोसँग पिटिएको छ भन्ने थाहा पाएँ।

### ८.२ प्रत्यक्षदर्शी

घटना घटेको दिन म आफ्नै घरमा थिएँ। गाउँमा माओवादीहरूले आक्रमण गरेको हल्ला चल्यो। आक्रमणबाट रुपा थापालगायत भविलाल सन्तयाल सख्त घाइते भएको सुनियो। के भएको रहेछ भनि हामी साथिहरू मिलेर हामी घटनास्थलतिर लाग्यौं। शुरुमा हामी भविलाल छन्तयालको घरमा गयौं। त्यहाँ एक किसिमको डर र त्रासको वातावरण थियो। भविलाल अचेत अवस्थामा थिए। भविलालको खुट्टा र निधारमा खुकुरीले हानेको चोट थियो। घाउबाट रगत बगिरहेको थियो। तिघ्रामा पनि धेरै लौरोको डाम थियो। खुकुरीले पारेको घाउहरूमा टाकाँ लगाउनु परेको थियो। ज्यादै नै नराम्रो ढंगले पिटिएको थियो। त्यहाँ भविलालका परिवारहरू आत्तिएर यताउति गरिरहेका थिए। हामी पनि उहाँहरूलाई सहयोग गर्न तिर लाग्यौं। भविलालका परिवारका अनुसार उनी भाग्न खोजेका थिए। तर भागेका भविलाललाई पुन पक्रेर ल्याई घरभित्र थुनेर निर्घात पिटेका थिए।

उता रुपा थापाको हालत पनि गम्भिर देखियो। रुपाको परिवारका अनुसार उनी खाना खाएर पत्रिका पढेर बसेको अवस्थामा ढोका तोडफोड गरी गाली गौलज गरेका थिए। लालबहादुरलाई किन लान खोजेको भनेर सोध्दा तँलाई के मतलब तँ पनि हामीविरुद्ध लाग्ने मान्छे होस् भनेर कुटपिट गरेका थिए। ४०/५०

जनाको समूहमा आएका माओवादी सशस्त्र समूहले खुकुरी, लौरा, चक्कुको प्रयोग गरी आक्रमण गरेका थिए। रुपा थापा परी थापा जनमोर्चाको केन्द्रीय सदस्य र भू.पू सांसदको श्रीमति हुन्। निकै अमानवीय ढगंले पीटिएका रुपा थापालाई हामीले भेट्दा उनी अर्धचेतना अवस्थामा थिए। रुपा थापालाई कुटपिट गर्ने क्रममा माओवादीहरूले उनका छोरा विकाश थापालाई पनि कुटपिट गरेका थिए। पछि हामी र गाउँलेहरू मिलेर अस्पतालसम्म लैजानको लागि मान्छे खोज्न कालापातलसम्म गएर मान्छे लिएर आएका थियौं। मैले पनि रुपा थापालाई स्ट्रेचरमा हाली बाग्लुङ्गसम्म पुऱ्याएको थिएँ।

माओवादीलाई खाना नखुवाउने र चन्दा नदिने अभियान चलाएको कारण माओवादीहरूले आक्रमण गरेको हुनसक्छ। अर्को प्रमुख कारण भनेको राजनीतिक मतभिन्नता पनि हुनसक्छ।

### ८.३ प्रत्यक्षदर्शी : विकास थापा, वर्ष २२ (रुपाथापाको जेठो छोरा)

मंसिर १४ गते दिउँसो साहिँला बुवा लालबहादुर (जो अपहरणमा पर्नु भएको छ। ) ले बारी जोत्न भन्नु भयो। बारीको मकैको भुत्ला पन्छाउन बारी तिर गएँ। त्यसपछि साँझ करिब ७ बजे तिर आमा रुपा थापा, साहिला बुवा लालबहादुर, भाइबुहारी, म मेरो श्रीमति खाना खाई सकेपछि पुरानो घर तिर सुत्न आयौं। लालबहादुर (अंकल) आमा र २ जना गाउँका अन्य भाईहरू पनि घर मै हुनुहुन्थ्यो। अंकल र आमाले आगो तापी बस्नु भएको थियो।

परिथापाको २ ओटा घरको दुरी करिब ५० मिटर जतिको छ। दुवै घरको बिचमा स्वास्थ्य चौकीको भवन छ। साँझ ७ बजेको समाचार सुनिसके पछि म, श्रीमती र भाई बुहारी घरायसी कुराकानी गर्दै बसिरहेका थियौं। ७.३० बजे तिर घर माथिको बारीमा ढुक ढुक, झराप् झराप् गरेको आवाज सुनियो। ( परेड खेले जस्तो) यस्तो आवाज पटक पटक सुनिएपछि मलाई शुरु साँझको समयमा अर्काको घरको कुराकानी सुन्न आएको महसुस भयो। केही समय मै घरको आगँनमा नै मान्छेहरू हिडेको अवाज आयो, अनि मैले घर भित्रैबाट को हो ? यो राति राति अर्काको घर घर हिडेको भनि सोध्दा कोही बोलेनन्।

फेरी सोध्दासमेत कोहि नबोलेपछि ढोका खोली बाहिर हेर्दा ७०/८० जनाको सशस्त्र एक समूह घर माथि लाइनै उभिएको देखें। त्यही समयमा घर माथिबाट एकजना महिलाले - "सालेलाई उडाइ दे " भनेको आवाज सुनें। यो आवाज सुन्ने वित्तिकै दौडि हाँले। त्यही समयमा म तिरै ताकेर फायरीङ गरे। दौडिएर भागेकाले गोली लागेन। आमा र साहिँला बुवा भएको घर तिर उहाँहरूलाई बचाउन दौडेको थिए। बाटो माथिको काल्नो नाग्दा लडे पनि तुरुन्तै उठेर आमाहरू भएको घर निर पुग्न लाग्दा सो घर पहिले नै माओवादीले घेरा हाली सकेका रहेछन्। माओवादीको एकजना व्यक्तिले "हामीले परि थापाको घरमा कारवाही गर्दैछौं। कोही बाहिर ननिस्कनु निस्कीएमा भौतिक सफाय गरिनेछ" भन्ने आवाज सुनें। अलिवर घर नजिकै आईपुग्दा हतियारधारी एकजना माओवादीले बन्दुक म आफूतिर सोझ्याएको देखेपछि म घर जान सक्ने अवस्था नभएकोले बाटोबाट तल तिर दौडेर बँच्न सफल भएँ। छिमेकीहरू पनि डरले गर्दा घर बाहिर निस्कने अवस्था थिएन।

आमाले आफ्नो कोठामा बसेर पढिरहनु भएको रहेछ। साहिँला बुवा लालबहादुर थापाले सिलाई मेशिन मर्मत गरिरहनु भएको रहेछ। पहिला तिनीहरूले घरको मुल ढोकामा जोड्ले ढक-ढक पारे त्यती बेलासम्म तिनीहरू माओवादी हुन भन्ने जानकारी भैसकेकोले उहाँहरूले ढोका खोल्नु भएन। र ढोका नखुलेपछि लात्ति र बन्दुकको कुन्दाले हिर्काए। त्यती गर्दासम्म पनि ढोका नफोडिएपछि तिनीहरू मध्येका कोही मूल ढोका देखि उत्तर पट्टिको साहिँला बुवा बसि रहनु भएको कोठा तिर लागे र कोही आमा भएको कोठा तिर लागे।

साहिँला बुवा बसेको कोठाको ढोका लात्ताले हान्दा ढोकाको गजवार भाँच्चियो र उनीहरू भित्र पसी साहिला बुवा लालबहादुरलाई चार थप्पड हातले र लठीले हानी साहिँला बुवाको दुवै हातहरू पछाडि लगि डोरीले बाँधे र अपहरण गरी लगे।

आमा रुपा थापालाई सोही समयमा अन्य माओवादी समूहले ढोका फोडी आमाको चस्मा फुटाई दिए। लाठी र बन्दुकको कुन्दाले हिर्काए। घाइते बनाई उत्तानो पारी लडाए। आमाको छाति मुनी देखि पाइतालासम्म बाँसको भाटाले पटक पटक घोसकी (महिलाको अत्यन्त समवेदनसिल अंगमा समेत वस्ता नगरी निर्मम यातना दिए ) त्यसपछि आमाको दुवै खुट्टाका साँप्रादेखि पाइतालासम्म काठ प्वाल पार्ने बर्मा आकारको संगिन हतियार रोपी ठाउँ-ठाउँमा प्वाल पारे। यति हुदाँ पनि उनीहरूलाई अझै चित नबुझेर आमाको शरीर माथि पटक-पटक उफ्रिए । यसरी आमालाई निर्मम पाशविक तवरले यातना दिएपछि

उनीहरू करिब ७.४५ तिर यहाँबाट हिडे। म तुरुन्तै आमा भएको घरमा आएँ र आमालाई बरबराई रहेको मर्महात अवस्थामा देखे ।

त्यसपछि राति नै कालापातल (जुन हाम्रो पुरानो घर ) गएर हाम्रो दाजुभाई र छिमेकीलाई बोलाए। आमालाई त्यस दिन राति कालापातल गाउँमै लगि राखियो। त्यस दिन अस्पताल लान सम्भव पनि थिएन। अर्को दिन १५ गते बिहान बाग्लुङ्ग अस्पतालमा लगियो। बाग्लुङ्ग अस्पतालले यहाँ उपचार हुन नसक्ने जानकारी गराई पोखराकोलागि रिफर गऱ्यो। हामीले आमालाई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा लगियो। १६ गते पोखराबाट त्रि.वि.शिक्षण अस्पताल काठमाडौं लगियो।

## ८.४ विजय थापा, वर्ष २० (पीडित रुपा थापाको साईलो छोरो)

०६१ मंसिर १४ गते राती माओवादीहरू रायडाँडाको रामतोला भन्ने ठाउँमा खाना खाएर साँझ ६ बजेतिर दमेक तिर ओरालो लागि बाटोमा तेजु (एक प्रकारको रुख) को हाँगाको लौरो काटेर फेदीबाट उकालो लागे। त्यहाँबाट करिब रातको ७.३० बजेतिर दमेक गाविस ४ स्थित कृष्णप्रसाद सापकोटाको घरमा पुगे। उनीहरूको संख्या करीब ७०/८० थियो होला। कृष्णको घर र हाम्रो घर २ मिनेटको फरकमा पर्छ। माओवादीहरू कृष्ण प्रसादको घरमा पुगि बञ्चरोले ढोका फोडी कृष्ण प्रसाद खै भन्दै उनकी ४८ वर्षीय गर्भवती आमा र १५ वर्षीय बहिनी पार्वतीलाई पनि कुटपिट गरे। पार्वती र आमाले हामीलाई केहीपनि नभनी घरबाट बाहिर गएको छ, हामीलाई थाहा छैन भन्दा उनीहरूले अश्लील शब्द प्रयोग गर्दै छोरोलाई बाहिर निकाल भन्दै कुटपिट गरिरहे। तरपनि कृष्णलाई नभेटेपछि उनीहरूले कृष्णको घरको बञ्चरो पनि लिदैं कृष्णकी अर्की बहिनी मनिषा सापकोटालाई घरको तलामाथि चढेर कुटपिट गर्न खोजेछन्। तर आँगनबाट कमरेड प्रकाश र चित्र छोडिदिउँ तल आउनुस् भन्ने आवाज आएपछि मनिषालाई चाँही कुटपिट नगरी हिंडेछन्। यो भन्दा पहिले पार्वतीलाई भने जगल्टाउँदै तेरो दाई निकाल भन्दै कुट्दै बारीमा फालेछन्। त्यतिमात्र हैन उनीहरूले ६८ वर्षीय वृद्ध कृष्णका पितालाई पनि कुटपिट गरे। त्यसपछि कृष्णका घरको बञ्चरो लिएर उनीहरू हाम्रो घरमा आए।

हाम्रो घरमा आईसकेपछि हाम्रो घरमा भान्सा र सुत्ने घर गरेर दुईवटा भएकाले पहिले भान्सा घरमा आए। भान्सा घरमा दाजु र भाउजु बसिरहनु भएको थियो। त्यसपछि उनीहरू आँगनमा परेड खेल्न थाले। दाईले को हो ? भनेर सोध्नु भयो। तर जवाफ कसैले दिएनन्। त्यसपछि दाई रिसाउँदै बाहिर निस्कनु भयो, दाई निस्कनासाथ उनीहरूले दाईलाई बन्दुक तेर्स्याए। दाई त्यहाँबाट दगुर्दै आमाहरूलाई बचाउन भनि आमाहरू सुत्नु भएको घरमा जानु भयो। त्यही समयमा उनीहरूले तिन पटक फायरिङ्ग गरे। त्यति गर्दा दाई ढोकामा पुग्नु भएको थियो। उनीहरूले दाईलाई ढोकामा देखेपछि सुट गर भन्दै ढोकैमा पुगे। ढोकामा पुगेर उनीहरूका लाति मूल ढोकामाथि बजार्न थाले। तर ढोका फुटाउन सकेनन्। त्यसपछि उनीहरूले पसलतिरको ढोकामा लात्ति बजार्न थाले। त्यति गर्दा भित्रबाट आग्लो भाँचिएर ढोका खुल्यो। तर त्यहाँ उनीहरूले कसैलाई नदेखेपछि पसल भएकै कोठाबाट मुल ढोका (प्यासेज) तिर छिर्ने ढोकामा प्रहार गर्न थाले। त्यसपछि बञ्चरो लाति वा के ले हो, त्यो ढोकाको एउटा पल्ला समेत खसालेर त्यो ढोका फुटालेर उनीहरूभित्र पसे। उनीहरूले नै प्यासेजको ढोकापनि भित्रबाट खोले। प्यासेजको ढोकाबाट छिर्नासाथको पहिलो कोठामा हाम्रो पुरानो घर भएको गाउँ कालापातलका दुईजना भाईहरू पढ्नकोलागि त्यहाँ आएका हुनाले उनीहरू सोही कोठामा सुतिरहेका थिए। उनीहरूले पहिले त्यो ढोका खोले। ढोका खोल्दा ती भाईहरूलाई देखि तिमीहरूको घर कहाँ हो ? यहाँ किन बसेका भने। जवाफमा भाईहरूले हाम्रो घर कालापातल हो पढ्नलाई यहाँ बसेका भनेपछि **लाले** कहाँ छ ? भन्दै पेस्तोलको कुन्दा र लौराले टाउकोमा हिर्काउन खोजे, तर उनीहरूले थाहा छैन भनेपछि हिर्काएनन्। त्यसपछि उनीहरू त्यो कोठाबाट निस्किएर त्यो कोठासँगै जोडिएर रहेका ममी सुतेको कोठामा गए। ममीको कोठामा पनि भित्रबाट चुकुल लगाएको भएपनि बाहिरबाट उनीहरूले हिर्काएको कारणले चुकुल खुस्कियो। त्यसपछि ममी सुतिरहेकै ओछ्यानमा बर्मा जस्तो हतियारले पिडौंला, साँप्रा र तिघ्रामा रोपे। रोप्दा सिधै रोपेपनि निकाल्दा घुमाउँदै निकाले। यतिमात्र नभएर शरीरमा बेल्नाले पनि पेले। त्यति हुँदा आमा बेहोस हुनु भयो। आमा बेहोस् हुनु भएपछि उनीहरू साँहिला बा (लालबहादुर छन्त्याल, परि थापाको भाई) सुतेको पूर्व पट्टिको कोठामा गए। उक्त कोठामा पनि भित्रबाट चुकुल लगाएको हुँदा उनीहरूको प्रहारबाट चुकुल खुस्कियो। साहिंला बा उनीहरू आउँदा मेसिनमा लुगा सिलाउँदै हुनुहुन्थ्यो। सोही समयमा *प्रकाश* भन्ने माओवादीको एरिया ईञ्चार्ज यहाँ छ, गुण्डा भन्दै साँहिला बाको केठामा पस्यो। साँहिला बा ले

त्यहाँ उनीहरूसँग प्रतिवाद गर्नु थाल्नुभयो। प्रतिवादको जवाफ उनीहरूले तेजुको लौराले दिन थाले। उनीहरूले तेजुको लौरो नभाचिँदासम्म साहिला बालाई पिटी रहे। लौरो भाँचिएपछि घरबाट निकालेर लिएर गए। वहाँ आजसम्म वेपत्ता हुनुहुन्छ। उल्लेखित सम्पूर्ण कार्यहुँदा हाम्रो घर उनीहरूले घेरिरहेका थिए।

भविलालको घरमा पुगेपछि पनि उनीहरूले ढोका बजार्न छाडेनन्। त्यहाँ पुगेर उनीहरूले भविलाल छन्त्याल को हो ? बाहिर निस्की भनिरहे। उक्त कुरा सुनेपछि भविलाल को हो ? भन्दै बाहिर निस्कनु भयो। निस्कँदा निस्कँदै उनीहरूले भविलाललाई बन्दुकको कुन्दा प्रहार गर्न थाले। तर वहाँले छेक्नु भयो। भविलालले छेक्नुभएपछि उनीहरूले भविलाललाई त्यहीं समाते। समातिसकेपछि भविलाल उनीहरूलाई धकेल्दै उनीहरूको कब्जाबाट भाग्नु भयो। भाग्दै वहाँ केहीतल रहेको किर्तिनाथ सापकोटाको घर पुग्नु भयो। त्यहाँ पुग्दा वहाँको खुट्टामा सिसा गाडिएकोले त्यहाँबाट भाग्न सक्नु भएन। वहाँ भाग्न नसक्नु भएपछि उनीहरूले ढुङ्गाल प्रकार गर्न थाले ढुङ्गाले कानमा लागेपछि वहाँ त्यहीं ढल्नु भयो, त्यसपछि उनीहरूले नै समातेर भविलाललाई धनबहादुर छन्त्यालको दोकान अगाडी ल्याई हात पछाडी बाँधी घोप्टो पारेर सुताए। घोप्टो पारेर सुताईसकेपछि लाठीले शरीरका विभिन्न भागमा प्रहार गर्न थाले। लाठी प्रहारपछि मेरो ममीलाई रोपेजस्तै बर्माजस्तो हतियारले घोप्टै अवस्थामा वहाँलाईपनि पिंडौलातिर रोप्न थाले। यति भएपछि साहि बा लाई पनि लिएर उनीहरू यहाँबाट भागे।

उनीहरू भागेको करिब ४५ मिनेटपछि हाम्रो पुरानो गाउँ कालापातलबाट करिब घटनाको बारेमा जानकारी पाई ८०/९० जना जतिको मास यहाँ आई पुग्यो। तर माओवादीहरू भागि सकेको हुनाले केही गर्न सकेनन्। यहाँका गाउँलेहरू डरले गर्दा बाहिर निस्कन सकेनन्। यी सबै घटनाहरू भईसक्दा करिब ९.३० जति बजेको थियो होला।

कालापातालबाट आएका गाउँलेहरूले त्यसपछि ममी र छन्त्याल दुवैजनालाई कालापालत लिएर गए। सो समयमा माओवादीहरूको समूह यसै गाविसको १ नं. मा पर्ने *रामप्रसाद सापकोटा*को घरमा पुगेछ। राम प्रसाद सापकोटाको घरमा वहाँ र फपिन्द्र क्षेत्री सँगै सुतिरहनु भएको रहेछ। त्यहाँ पुगेर उनीहरूले रामप्रसादलाई बोलाएछन्। राम प्रसाद नबोलेपछि उनीहरू सरासरी घरको माथिल्लो तलामा चढेछन्। तलामा चढिसकेपछि एकजनाले मोटोकी दुब्लो भनेर सोधेछन्। त्यसपछि रामप्रसादलाई चिन्ने अर्को माओवादी सुतेको ठाउँमा गई दुब्लो भनेर रामप्रसादलाई तान्दै मपिन्द्रलाई तँ मोटेको पालो आएको छैन भन्दै धकेले छ। रामप्रसादलाई ओछ्यानबाट लिएर तल आएपछि वहाँको श्रीमति गिताले कहाँ लगेको भनि सोधखोज गर्नु भएछ। तर जवाफमा उनीहरूले श्रीमतिलाई घिच्याएछन्। त्यसपछि रामप्रसादलाई घरबाट करिब ५० मीटर टाढा रहेको पिपलको रुखको फेदमा रहेको पोखरीमा पुऱ्याएर घोप्टो पारेर सुतएछन्। अनि वहाँमाथि निर्मम तरिकाले चरम र बर्बर यातना दिई मऱ्यो भनि रामप्रसाद कै आँगनमा लगेर यी तेरो बुढो बुझ, तेरो छोरो बुझ भन्दै श्रीमति, राम प्रसादको बुबा लयायत घरपरिवारका सदस्यको बीचमा लगेर फाली दिएछन्।

राम प्रसादलाई चरम यातना दिईसकेपछि उनीहरू *शालिकराम सापकोटा*कोमा गएछन्। वहाँ बिरामी भएर सुतिरहनु भएको रहेछ। वहाँलाई बिरामी अवस्था मै भएपनि उनीहरूले ओछ्यानमा नै गएर कुटपिट गरेछन्। कुटपिटमा शालीग्रामको श्रीमति र छोरीले छेक्न खोज्नु भएछ, छेक्दा वहाँहरूलाईपनि किन छेकेको भन्दै पिटेछन्। शालीग्रामले सोही समयमा खरो भयो भन्दै पानी पनि खान माग्नु भएछ। वहाँमाथि कुटपिट भएको थाहा पाई वहाँको छिमेकी शालीग्रामको घरमा आउनु भएछ। त्यहाँ छिमेकीलाई देखिसकेपछि उनीहरूले छिमेकीलाई पनि तँ कहाँ हिंडेको भन्दै लाठीले प्रहार गरेछन्। लाठीको प्रहारबाट वहाँको निधारमा चोटपनि लागेको छ।

यति घट्ना घटाईसकेपछि उनीहरू अब सर्कुवा जानुपर्छ भन्दै त्यहाँबाट सकुर्वास्थित *भरत पौडेल*को घरतिर लागेछन्। घरमा भरत पौडेललाई नभेटेपछि उनीहरूले भरत पौडेलको परिवारलाई घरबाट बाहिर निकाली “भरतेलाई नभेटेसम्म तिमीहरूको घरको ताल्चा खुल्दैन” भन्दै माओवादीहरू बिनामारेस्थित *मिनालक्ष्मी* भन्ने व्यक्तिको घरमा पुगेछन्। मिनालक्ष्मी भरतको नाताको मान्छे हुँनुहुदो रैछ। मिनाको घरमा पुगि माओवादीहरूले भरत कहाँ छ भनि सोधेछन ? त्यसपछि घरभित्र पसि सबै तलासी लिन थालेछन्। तलासी लिनक्रममा उनीहरूले घरको पछाडीको भागमा भरतलाई फेला पारेछन्। भरतलाई फेला पार्नासाथ तँलाई राज्यविरुद्धको मुद्दा छ, भन्दै त्यहाँबाट अपहरण गरेर लिएर हिंडाएछन्। अहिलेसम्म वहाँको स्थिति अज्ञात छ। वहाँ कहाँ हुनुहुन्छ अहिलेसम्म माओवादीबाहेक कसैलाई थाहा छैन। भरतलाई अपहरण गर्दा

गाउँलेहरूपनि जम्मा भएका भएपनि उनीहरूले ढुङ्गा मुढा र लाठी प्रहार गरेर दगुराए। माओवादीको आक्रमणको कारण एकजनाको त हात पनि भाँचिएछ।

यसपछि माओवादीहरू *मिनालक्ष्मी*कोबाट भरतलाई लिएर रातको करिब १.३० बजतिर कुश्मी सेरा बजार फेरछन्। कुश्मीसेरामा पुगिसकेपछि उनीहरूले *कुमार थापा*लाई पनि अपहरण गरेछन्। अपहरणको क्रममा उनीहरूले हामीले लालेलाई पनि ल्याएका छौं हिंड भनेछन्। कुमार थापापनि सोही दिन देखि वेपत्ता हुनुहुन्छ। कुमार थापालाई अपहरण गरी माओवादीहरू कुलबहादुर थापाको घरमा गएछन्। घरमा पुगेर ढोका खोल्न लगाएछन्। ढोका खोल्दा कुलबहादुरलाई उनीहरूले देखेनन्। त्यसपछि कुलबहादुरको श्रीमतिलाई तेरो बुढो कहाँ लुकाईस् भन्दै कुटपिट पनि गरेछन्। त्यसपछि कुश्मीसेराबाट करिब ३.३० बजे उनीहरू हिंडेछन्। त्यसपछि आजसम्म उनीहरू यतातिर देखिएका छैनन्।

## ८.५ हरिप्रसाद सापकोटा, वर्ष ६१ (पीडित रामप्रसादको बुवा)

०६१ साल मंसिर १४ गते रातको करिब १०.०० बजेतिर माओवादीहरू आँगनमा आए। म बरण्डामा सुतिराखेको हुँदा उनीहरूलाई देखें। आँगनमा भएको उनीहरूको संख्या करिब २०/२५ जनाको थियो होला, तर गाउँलेहरूले उनीहरूको संख्या ४० जना जति थिए भन्छन्। आँगनमा आईसकेपछि उनीहरूले रामप्रसाद खोई भनि सोधे। मैले विरौनेतिर गएको छ भने, त्यति भनिसक्न नपाउँदै उनीहरू बुढा ढाँट्छस् भन्दै घरमाथि चढे। माथि चढेर कोठातिर हेरे। कोठामा हेर्दा फपिन्द्र सर र छोरो सुतिरहेका थिए। माओवादीहरू मध्ये पहिले पनि आउने गरेको *प्रकाश* भन्नेपनि थियो। मैले घरमाथि चढ्ने को को थिए चिनिन। कसले हो मोटो कि पातलो भनि सोधे, त्यसपछि तल रहेका मध्ये एकजना आएर पातलो भन्यो। अनि रामप्रसादलाई समाए। झपेन्द्रलाई तँ मोटेको पालो आएको छैन भन्दै घँचेटे। पहिले छोरालाई कपडा लगाउन पनि दिएनन्। पछि अनुरोध गरेपछि कपडा लगाउनसम्म दिए। कपडा लगाईसकेपछि तल हिंड भने। हामी पनिसँगैतल आँगनमा उत्रियौं। आँगनबाट पनि उसलाई अफै तलहिंड भनेर लगे, त्यहाँपनि हामीसँगै जान खोज्यौं तर उनीहरू मध्ये कै ५/७ जनाले छेके। त्यसपछि हामीहरू रुन थाल्यौं। मेरी भाउजुपनि रुन थाल्नु भयो। त्यो देखेपछि उनीहरूले भाउजुलाई ए रुन्चे बुढी तँलाई गोली ठोकी दिऊँ भने। म त्यो बेलासम्म आँगनमा नै थिएँ। बुहारी गिता यही खाटमा थिई। मलाईपनि उनीहरूले यही खाटमा बस भने, तर बुहारीको महिनाबारी भएर यहीं बसेकीले मैले बस्न अप्ठेरो मानें। त्यसपछि म बुढोमान्छेलाई उनीहरूले तिघ्रामा दुई लौरा र पिडौंलामा १ लौरा हिर्काए। यी अहिलेपनि सुन्निईरहेको छ। *(टोलीले भेट्दा हरिप्रसादको घुँडा सुन्निईरहेको थियो )* छोरालाई हाम्रै अगाडीबाट लिएर गए। मेरो बुबाले बनाएको पोखरीमा लगे उनीहरूले छोरालाई कुट्न थाले। कुटेको त देखिन तर कुटेको चाँही सुनें। स्वाम् स्वाम् आवाज आउँथ्यो। छोरोले ऐया नि बुबा मारे, बुबा, बुबा भनेर चिच्याएको पनि यहींबाट मैले सुनें। तल्ला घरका गाई वस्तुपनि छोरालाई कुटेको सुनेर चिच्याई चिच्याई कराएँ। उनीहरूले करिब २० मिनेट जति कुटेहोला। त्यसपछि मरो भन्दै यहीं आँगनमा फोलुङ्गो जस्तै बनाएर ल्याएर फाले । रामकी श्रीमति गितालाई मेड्म, तपाईंको श्रीमानले स्याउ खाएको, परि थापा सँग हिंडेको फल यही हो भन्दै आँगनमा लडाएर हिंडे।

उनीहरू छोरालाई मृत अवस्था जस्तो पारेर हिंडे। छोरो बोल्न सक्दैन थियो। बाबु भनेर बोलाउँदा घरीघरी हँ सम्म भन्थ्यो। नारी छाम्दा अलिअलि चलेका थिए। राती डरले गर्दा कहीं जान पनि सकेनौं, लान पनि सकेनौं। हामी घरका सबै बेहोश जस्ता भएकाले उपल्लो घरका आएर पानी खुवाए। अरू छिमेकीहरू डरले गर्दा कोही पनि घरबाट निस्किएर आएनन्। रातभरी छोरालाई उपल्लो घरका छिमेकी समेत हामीहरू रूंघेर बस्यौं। उज्यालो हुन लागेपछि कुश्मीसेराका डाक्टर गोविन्दलाई बोलाएर ल्यायौं। उनले यहाँ उपचार हुन सक्दैन बाग्लुङ्ग लानु भने। त्यसपछि हामीले बिहान नौ बजेतिर बाग्लुङ्ग पठायौं। बाग्लुङ्गमा पनि छोराको उपचार हुन सकेनछ। त्यसपछि त्यहाँबाट पनि उपचारकोलागि काठमाडौं लगेको छ अरे। मलाई सारै देख्न मनलागेको छ। (रूदैं ...) पहिले पनि माओवादीहरू आएर खान माग्ने धम्क्याउने गर्दथे। तिमीहरूको रक्षा गर्न आएका हामीलाई खान दिंदैनौं भन्ने गर्दथे। त्यही खान नदिएको निहुँमा उनीहरूले छोरालाई आक्रमण गरेका हुन्। अहिले छोरासँग बुहारी गिता र झपेन्द्र काठमाडौं गएका छन्।

## ८.६ खगि सापकोटा, वर्ष ५५ दमेक गाविस १, विराउने, (पीडित रामप्रसाद सापकोटाकी आमा)

खगि सापकोटाले आफ्नो छोरालाई माओवादीले कुटपिट गरको घटनाको सम्बन्धमा रुँदै भन्नुभयो। बावु हामी घर परिवार र झपिन्द्र सरले खाना खाइ सकेर करिव ९.३० बजे तिर कोही सुति रहेका थिए भने झपिन्द्र सर र छोरासँगै बसिरहेका थिए। त्यही समयमा करिव ४०-५० जना माओवादी हतियार लिएर घर घेरा हाली सकेका रहेछन्। ती मध्ये तीनजना हाम्रो घर अगाडि आई ढोका ढक्ढकाए। भन्ने माओवादी कार्यकर्ताले घरको वार्दलीबाट तलामा निस्कियो। छोरा रामप्रसादलाई "ए राम प्रसाद दाई भन्दै"बोलाउदै ढोका ढक्ढकाउन थाले। छोरालाई प्रकास र अरु दुईजनाले समातेर जवरजस्ती बाहिर निकाले झपिन्द्र सरलाई पनिसँगै लैजान लाग्दा "छोरालाई कहाँ हिँडालेको मेरो छोरालाई लैजान पाउँदैनौ भन्दा मलाई र रामप्रसादको बावु (हरिप्रसाद सापकोटा)लाई लठ्ठिले हिर्काएर घाइते बनाए। घरबाट करिव १२ मिटर दक्षिण पश्चिमको मौलो गाडिएको सिम्ले पोखरीको डिलबाट खसाले। पोखरीम रहेको घाँसपातहरू मडिएको थियो। लाठाले भैंसी कु ट्दा झै कुटेको आवाज घरसम्म नै सुनिएको थियो। छोराले शुरुमा गुहार गुहार भनेर चिच्चाएको थियो।त्यसपछि छोरालाई अचेत अवस्थामासम्म कुटपिट गरेपछि तीनजनाले हात खुट्टामा समातेर काटेको बाखा झै झुण्डाएर आँगनमा ल्याई "ल तेरो पतिलाई राख" भनेर पत्नी गीता पौडेललाई जिम्मा लगाए। यो पहिलो कारवाही हो नसुध्रिएमा भौतिक सफाया गरिनेछ भनेर आँगनमा छोडे। त्यतिबेला छोरा अचेत अवस्थामा थियो। उनीहरू गएपछि छोरालाई सेरा बजारमा उपचारको लैजान लाग्दा बाटोमा पर्ने शालिकराम सापकोटाको घरमा राति दुई पटकसम्म रोके, चार बजे भन्दा पहिला अस्पताल लैजान मिल्दैन भनेर छेके। त्यस दिन झपेन्द्र सरलाई "तेरो पालो अर्को पटक हो " भनि चेतावनी दिएर गए। अर्को दिन विहान (१५ गते) सेरा स्वास्थ्य चौकी र त्यस दिन बाग्लुङ्ग अस्पतालमा उपचारको लागि लगियो। त्यहाँ उपचार नहुने भएपछि त्यहाँबाट पोखरा अस्पताल पठायो। त्यहाँबाट टिचिङ्ग अस्पतालमा १६ गते लगियो। हाम्रो केही गल्ती नै छैन। उनीहरूलाई खान बस्न नदिएको आरोपमा हामीलाई कुटपिट गरेको बुझिएको छ। रामप्रसादको घरभन्दा १५ मिटर तल छिमेकीको घर छ। छिमेकीसँग सोध्दा आफुलाई केही थाहा नभएको बताउँछन्।

## ८.७ पीडित अदुती सापकोटा, वर्ष ४८ दमेक गाविस ४

म सात महिनाकी गर्भवति छु। गर्भवती भएको अवस्थामा पनि उनीहरूले मलाई यातना दिन छोडेनन्। उक्त दिन राति करिब ८.०० बजेको थियो होला सो समयमा माओवादीहरू हाम्रो घरमा आए। कति थिए राति भएकोले थाहा भएन। उनीहरू आउनासाथ खुरुखुरु घरभित्र पस्नलाई ढोकामा आएर लात्तिले हान्न थाले। ढोका लात्तिले हानी आफैं उघारेर भित्र पसि कृष्ण भन्ने तेरो छोरा खै भन्दै छोरी मान्छेहरूले मलाई गालै गालामा पिट्ने तथा कपालमा जगल्टाए। उनीहरूले बञ्चरोपनि बोकेका थिए। मलाई छोरो निकाल भन्दै र पार्वती छोरीलाई दाजु निकाल भन्दै पिट्न थाले। एउटीले अश्लील शब्दको प्रयोग गर्दै बञ्चराले हान भनि। डरले गर्दा हामी केही बोल्न सकेनौं। घरभित्र १०/१२ जना जति थिए। उनीहरूलाई हामीले डराउँदै छोरो हामीलाई केही नभनि हिंडेको घरमा छैन, खै कहाँ छ भन्दापनि मलाई र छोरीलाई दुवै हात समातेर पिटि नै रहे। मैले म सुत्केरी हुनेवाला छु मलाई नपिट भन्दा अश्लिल शब्दको प्रयोग पुन गर्दै छोरो देखाउनु पर्छ भनेर बाहना बनाउँछेस भन्दै कुटपिट गरिरहे। त्यसपछि घरभित्र भएका मध्ये एकजनाले हाम्रा साथीहरू सब बाहिर निस्कनुस गोली ठोकीदिन्छु भन्दै तर्साई रहे। हाम्रो घरबाट बञ्चरोपनि लुटेर लगे। छोरो घरमा नभएकोले उनीहरूले छोरालाई केही गर्न पाएनन्। उनीहरू मध्ये केही घरको माथि मनिषा सुतेको ठाउँमा पनि छोरो खोज्दै पुगेका रहेछन्। तर तलबाट उनीहरूकै साथीले नामले ए छैन आईज भने पनि उनिहरू माथिबाट तल झरे। उनीहरूको नाम मनिषालाई थाहा छ।

माओवादीहरूले परि थापाको भाई लालबहादु थापालाई पनि अपरहण गरेर ल्याएका रहेछन्। हाम्रो घरबाट निस्किएपछि ए लालेलाई बीचमा राखेर लैजाउ भन्दा सुनेकी हुँ। उनीहरूले ६८ वर्षको मेरो बुढालाई पनि पिटे। घरभित्र पस्ने सबैले बन्दुक बोकेका थिए। कसैले नाम्लो र लाठी पनि बोकेका थिए। केटीहरूले मलाई र पार्वतीलाई छोरो नदेखाएको भन्दै अश्लील शब्द सहित नाम्लोले बाँधौं, लौरोले सोरौं भन्दै मानसिक यातना समेत दिए। रुपलाई पनि उनीहरूले यातना दिएछन्। भविलाललाई पनि दिएछन्।

### ८.८ पार्वती सापकोटा, वर्ष १५ (पीडित अदुतीकी छोरी )

म यही सुन्तलाचौर माविमा कक्षा ७ मा पढ्छु। उक्त दिन हामी निदाई रहेका थियौं। ढोकामा ड्याङ्ग ड्याङ्ग आवाज आएपछि बिउझ्यौं। उनीहरूले आमाले भने जस्तै मलाई र आमालाई कुटपिट गरे। बुबालाई पनि सिरक फालेर ए बुढा तेरो छोरो देखा भन्दै। घिच्याए। मलाई तेरो कृष्णे नाम गरेको दाई कहाँ छ भन्दै गालामा पिटे, कपालमा जगल्ट्याए। आमालाई पनि त्यसै गरे। केटीहरू कोही पनि नचिनेका हुन्। एकजनाको नाम प्रकाश भन्थे। अर्को एकजनाको पनि नाम भन्थे, तर मैले बिर्सिएँ। बहिनीलाई थाहा छ। अन्य कुराहरू आमाले भने कै हुन।

### ८.९ मनिषा सापकोटा, वर्ष १२ (अदुतीकी छोरी)

दाई निकाल भन्दै मलाई पनि पिट्न आएका थिए। पिट्न आउने मध्ये एकजनाको नाम *प्रकाश* र अर्काको नाम **चित्र** हो। उसको घर बल्या हो। मैले उनीहरूको नाम उनीहरूकै समूह मध्येबाट मलाई पिट्न लाग्दा ए प्रकाश, ए चित्र भयो छोडि दे आओ भन्दा थाहा पाएकी हुँ।

### ८.१० स्थानीय प्रत्यक्षदर्शी

२०६१ साल मंसिर १४ गते रातको अन्दाजी साढे सात बजेतिर म घरमा नै बसिरहेको थिएँ। सोही समयमा करिब ५०/६० जना हतियारधारी समूह मेरा घर अगाडीको आँगनमा आएर त्यहींबाट भविलाल छन्त्याल बसेको स्थान गाविस भवन तिर घेरा हाल्दै गए। मेरो घर बाटोको तल्लो पटि र भविलाल बसेको माथिल्लो पट्टि करिब ७/८ मिटरको फरकमा पर्दछ। हामीलाई माओवादीहरूले कोही पनि घरबाट बाहिर ननिस्कनु। निस्कुन भयो भने गोलीले उडाई दिन्छौं भन्दै घरबाट बाहिर निस्कन दिएनन्। भविलाल पेशाले गाविसका तल्लो स्तरका कर्मचारी पनि हुन। उनको वासस्थानमा सामान्य किसिमको स्टेशनरी पसल पनि छ। उनी उक्त दिन सुतिरहेको स्थानबाट माओवादीहरूले बाहिर निस्की भन्दै ढोकामा हान्न थालेपछि ढोकाबाट आफ्नो ज्यान जोगाउन त्यहाँबाट भागे, भाग्दै उनी स्कूलभन्दा तल पुगे। तर उनको खुट्टामा सिसाले रोपेकोले उनी घाइते हुन पुगे। त्यसपछि माओवादीले उनलाई ढुङ्गाले हाने। त्यसपछि आँगनमा ल्याई आँगनको डिलमा लछारपछार पारी मेरो घर अगाडी आँगन तथा पटाङ्गिनीमा राखेर लाठी, ढुङ्गा र बन्दुकको कुन्दाले शरीरको टाउको देखि खुट्टासम्म विभिन्न ठाउँमा निर्घात तरिकाले कुटपिट गरे। कुटपिटको आवाज मैले घरभित्रैबाट सुनें। तर डरले गर्दा घरबाट निस्किएर उद्धार गर्न सकेनौं। करिब ७.४५ बजेतिर यहाँबाट माओवादीहरू गए। त्यसपछि हामी गाउँलेहरू जम्मा भयौं। त्यो समयमा भविलालको शरीरको विभिन्न भागमा चोट भएका, रगत बगिरहेको, शरीरभरी निलडाम भएका र भविलाल बेहोस अवस्थामा लडिरहेका थिए। उनले त्यसैदिन वृद्धभत्ता बाँड्न भनेर ल्याएको ३४ हजार पनि माओवादीहरूले लगेछन्। उनीहरूले घट्ना घट्दाका क्रममा फायरिङ्ग पनि गरेका थिए।

### ८.११ पीडित देवी थापा, वर्ष २४, कुश्मीसेरा गाविस ५

म देवी थापा(कुमार थापा) को श्रीमति हुँ। कृषि पेशा गर्ने र जनमोर्चाको समर्थक हाम्रो परिवार निम्न आयस्रोत भएको परिवार हो। गत मंसिर १४ गते रातको समयमा हामी सबै सुतिरहेका थियौं। हामी सामान्य ढोका लगाएर सुतिरहेको अवस्थामा करिब १ बजेतिर बाहिर केही हल्लाको आवाज सुन्यौं। केही क्षणपछि बहिरबाट कसैले कुमार कुमार भनेर बोलायो। पछि प्रकाश - एरिया सेक्रेटरीले ढोकामा उभेर टर्च लाइट बालेको थियो। ढोकैमा उभेर प्रकाशले कुमार तिमी बाहिर आउ भनेर बोलायो। टर्च बाल्दा किन टर्च बालेको भन्दा मलाई उनीहरूले पिट्न खोजेको थियो।

प्रकाशलाई कुमारले भोली बिहान आउ भन्दा उनी सहित १०/१२ जना बन्चरो, लौरो लिएर घरभित्र पसेका थिए। उनीहरू साधारण र ड्रेसमा गरी ४०/५० जना थिए। त्यही क्रममा जबरजस्ती घरमा पसेर म लगायत कुमारको आमा बुबालाई पनि कुटपिट गरेका थिए। कुटपिट गर्ने क्रममा मलाई उनीहरूले लाटाले पछाडी कोखामा हानेको र थप्पड पनि हानेका थिए। मेरो सानो छोरी सोनी कुमारीलाई पनि ति मध्येकै एकजनाले बन्चरोले हान्न खोजेको थियो मैले रोकेर मात्र मेरी छोरीको ज्यान बच्यो। आमा बुबालाई पनि अनेक नराम्रो शब्द प्रयोग गरी गाली गर्दै रक्तताम्य हुने गरी पिटेका थिए। घरभित्र पसेका माओवादीहरूले मेरो श्रीमान कुमार थापालाई अर्को कोठामा लगेर आधाघण्टा जति कुटपिट गरे। घरभित्रमात्र कुट्न नपुगेर

उनीहरूले बाहिर निकालेर घरकै नाम्लोले हात बाँधेर लौरोले पिटेका थिए। कति आग्रह गर्दा पनि उनीहरूले पिट्ने क्रम रोकेका थिएनन्।

हामीहरूलाई घरभित्रै राखेर २० मिनेटसम्म तँ हामीले बोलाउँदा नआउने भन्दै पिटेका थिए। म श्रीमानलाई पिटेको देख्न नसकेर बाहिर निसकन खोज्दा खबरदार भनि बाहिर निसकन दिएन। दुईजना महिलाहरूपनि भएको उक्त समुहमा उनीहरूले निर्घात पिटिसकेपछि कुमारलाई नजिकैको स्कूलको गेटमा लगेर राखेका थिए। अनीहरू अपराधीलाई कारबाही गर्छौं भनिरहेका थिए। हामीले कुमारलाई लग्छौं भन्दा तिमीहरूले मलाई पनि लग भनें। तिम्रो श्रीमान ३/४ दिनमा आउँछ भनि उनीहरूले हामी सबैलाई घरभित्रै थुनेर कुमारलाई स्कूलको पछिल्लो मोडबाट अपहरण गरी लग्यो। अपहरण गरेको भोलिपल्ट कुमार लगायत लालबहादुर सन्तयाल र भरत पौडेललाई पनि अपहरण गरी रायडाडाँको आक्ले गाउँमा राखेको सुनियो। हालसम्म पनि कुनै हालखबर नरहेको ृउहाँहरू घोडाबाडे भन्ने स्थानमा छ भन्ने सुनेको छु। मेरो श्रीमान समेत अरुहरूको सिघ्र रिहाईको पहलको निम्ति म यहाँ मानवअधिकारवादीहरू सगँ अनुरोध गर्दछु।

दुई चोटी चन्दा नदिएको र खाना खान नदिएको कारण माओवादीहरूले उहाँहरूको अपहरण गरेका हुन्। जनमोर्चाले सान्त्वना र विज्ञप्ति निकाल्नेबाहेक अरु कार्य गरेको छैन्। उक्त दिन राती १२.३० बजे तिर २०, २२ जनाको हतिरयारधारी माओवादीले घर घेरा हालेका रहेछन् परिवारहरू सुतिरहेको अवस्थामा ढोका जवजस्ती फोरी घर भित्र बन्चरो,  भाला लिएर पसे। उनीहरूको मलाई प्रहार गरेको बन्चरो हातले समातेपछि कोखामा लात्तिले हिर्काए, लछार पछार गर्दै घरको प्यासेज पर लगे। सोही समयमा ६, ७ जना हतियारधारी माओवादीले श्रीमानलाई लाठी बन्दुकको कुन्दाले हिर्काउँदै बाहिर निकाले सोही समयमा श्रीमानले “गुहार गुहार ” भनि २, ३ पटक चिच्याएको सुनेकी थिए। उहाँलाई अपहरण गरी लगे। माओवादीले अपहरण गरेर लैजाने बेलामा ३। ४ दिनमा तपाईको श्रीमानलाई भेट्न पाउनु हुन्छ भनि भनेका थिए। त्यसपछि कहाँ लगे भन्ने कुनै जानकारी पाएकी छैन।

### ८.१२ पीडित शान्ति थापा, वर्ष ३५, कुश्मीसेरा गाविस ५

खाना नखुवाएको र केही महिना अगाडि अन्य जनमोर्चाका कार्यकर्ताहरूले एरिया सेक्रेटरी प्रकाश लगाएत अरु माओवादी कार्यकर्ताहरूलाई निर्घात पिटेको कुरालाई लिएर १४ गते राति १:३० बजेतिर अन्दाजी ३०/४० जनाको जत्थाले मेरो घरमा पनि आक्रमण गरेका थिए। देवी थापाकहाँ आक्रमण गरिसकेपछि उनीहरू ह्यमीकहाँ आएका हुन। बन्चरो, लौरो, गल र गइटीसहित आएका उनीहरूले मेरो श्रीमान कुल कहादुर थापालाई बोलाएका थिए। मैले कुलबहादुर छैन् भन्दा किन छैन् भनि ढाका फोडेर ५ जनाजति घरभित्र पसेका थिए। त्यसरी ढोकै फोडेर घरभित्र पस्दा माथिबाट म तल ओर्लें। म तल ओर्लिनासाथ तँ नै बदमाश होस् तैंले नै तेरो श्रीमानलाई उक्साउँछेस् भनेर एक थप्पड हाने। घरभित्र पस्ने मध्येमा एकजना महिला पनि थिए तिनैले मलाई घरबाट बाहिर ल्याएर नाम्लोले बाँधेका थिए। मलाई नाम्लोले बाँधिसकेपछि उनीहरूले मलाई केही बेर अपशब्द प्रयोग गरी गाली गरे। त्यसपछि केहिबेर उनीहरूले घरको तल्लो तल्लामा मेरो श्रीमानलाई खोजे। मेरो श्रीमान नभेटेपछि मलाई बाँधेर राखेको नाम्लो खोलेर केहीबेर कुराकानी गरेर उनीहरू गए। जानुभन्दा अगाडी उनीहरूले तेरो श्रीमान कहाँ छ भनेर सोधेका थिए सोध्ने क्रममा एकजनाले मलाई बन्चरोले हान्न खोजेको थियो।

हाल म र मेरो श्रीमान राती आफ्नो मान्छेको घरमा बस्ने गरेको छुं। जनमोर्चाको कार्यक्रमको सिलसिलामा अचानक भेट भएको माओवादीको कार्यकर्ताहरूलाई पिटेको कारण बदलास्वरुप उनीहरूले पनि जनमोर्चाका कार्यकर्ताहरूलाई तार्गेत गरेका हुन्। उनीहरूलाई नछोएमा उनीहरूले पनि केहि गर्दैनन्। यो गाउँ जनमोर्चाको समर्थकहरूको गाउँ हो। पीडित र अपहरणमा परेकाहरूको रिहाईको लागि सबैले प्रयाश गर्नपर्छ।

### ८.१३ छिमेकी

रामप्रसाद सापकोटा मेरो दाजु पर्ने हुन्नु हुन्छ। त्यस दिन (मंसिर १४ गते) साँझ करिब ९.३० बजे तिर दाजुको घर माओवादीले घेरा हाली सकेका रहेछन्। त्यती बेला म खाना खाई सुतिरहेको थिए। त्यही समयमा दाजुको घरमा कोलाहाल भएपछि म निस्कन खोज्दा खबरदार कोही निस्केयो भने हामीले समाप्त गर्दछौ भनी माओवादीका हतीयारधारी सशस्त्र समूहले मेरो घर अगाडि आई चिच्याए। जे भन्दा अगाडि

उपचार गर्न लैजानसमेत दिएनन्। यो भन्दा पहिला पीडित रामप्रसाद सापकोटाको एउटी मात्र बहिनको श्रीमान् शंकर भुषाललाई (पर्वतको शंकरपुर फलेडाँडा ) तिन वर्ष अगाडि नै मारिएको थियो। उहाँ पेशाले शिक्षक हुनु हुन्थ्यो। बाहिर निस्कने अवस्था नभएकोले म उनीहरू हिडीनसक्दा सम्म म घरबाट बाहिर आउने दाजुहरूलाई उद्धार  गर्न सक्ने अवस्था थिएन। करिब १०.३० बजे मात्र उनीहरू हिडेपछि रापप्रसाद सापकोटाको घरमा गै उहाँलाई देख्दा उहाँको स्थिति अत्यन्त गम्भीर अवस्थामा हुनु हुन्थ्यो। साथै उहाँको बुवा आमालाई समेत चोट लागेको देखाउनु भयो। रामप्रसाद सापकोटाको हात खुट्टा, अनुहार र सबै शरीर भरी चोट पटक र निलडाम देखिन्थ्यो। गाउँका साथीभाईहरू जम्मा भई सेरा बजारमा उपचारका लागि लैजाने कुरा भयो। हामीले राती सेरा बजारमा उपचार गर्न लैजान खोज्दा सोही माओवादी टोली बाटोमा पर्ने शालिकराम सापकोटाको घरमा पनि कुटपिट गरेका रहेछन्। सोही स्थानमा हामीलाई रोक्ने काम भयो। उनीहरू यो भन्दा पहिला आउने जाने गर्दथे। यस्तो कुटपिट गर्ने, वितण्डा मच्याउने गरेका थिएनन्। घटना हुनुको कारण हामी जनमोर्चाको समर्थक र कार्यकर्ता भएकाले राजनीतिक तथा खाना नखुवाएको कारणले कुटपिट गरेका हुन।

यो भन्दा पहिला सेरा बजारमा १० कक्षा सम्म सञ्चालनमा रहेको बोडिङ्ग स्कूलमा माओवादीले बम विस्फोट गराई ध्वस्त पारेका थिए। जुन स्कूलमा रामप्रसाद सोपकोटाको समेत लगानी रहेको थियो। उहाँले सोही स्कूलमा अध्यापन गर्नु हुन्थ्यो। सो बोडिङ्ग स्कूल अहिलेसम्म पूर्ण बन्द छ।

### ८.१४ तारादेवी पौडेल, वर्ष ३६, सर्कुवा गाविस ९ (अपहरित भरत पौडेलकी पत्नी)

मंसिर १४ गते सवा नौ बजे तिर करिव २० जना हातहतियार सहित मेरो घरमा आए। उनीहरू आउँदा हामी सुतिसकेका थियौं। एक्कासी ढोका ढक् ढक गऱ्यो। त्यसपछि बाहिर को हो भनेर सोध्दा बाहिरबाट एकजना महिलाले पटक पटक “दिदी ढोका खोल्नुस त” भनिन् साथै अर्का एकजनाले पनि ढोका खोल भन्यो। भरत सर कहाँ हुनुहुन्छ भनेर सोधेपछि मैले भरत सर बाग्लुङ्ग जानु भएको छ भनेर जवाफ दिँए। पटक पटक उनीहरूले केरकार गरे। तपाईले झुट्टा कुरा बोल्नु भएको छ। सर यही हुनु हुन्छ। नत्र हामीलाई भित्र हेर्न दिनुहोस् भने।

त्यसपछि मैले ढोका खोलि भित्र हेर्ने भनि भन्दा दुईजना व्यक्ति घर भित्र पसे त्यसपछि मेरो अनुमती नै नलिई घरको आँटी(माथिल्लो तला) मा समेत खानतलासी गरे। मेरो घरमा अनुमती नलिई तपाईहरूलाई घरको खानतलासी गर्ने के अधिकार छ भन्दा उल्टै हतियारधारी माओवादीले बन्दुक म आफै तिर सोझ्यायो त्यसपछि उनीहरूले घरमा तालाबन्दी गरी हामीहरूलाई रात विषयमा घरबाट निष्कासन गरे। यो सम्पत्ती सबै हाम्रो पार्टीको कब्जामा छ। कसैले यो ढोकाको ताला नखोल्नु खोलेमा राम्रो हुनेछैन।

सोही समयमा मेरो जेठी छोरी रोईन। तपाईहरूले घरमा ढोका लगाई दिएपछि यो रातीमा हामी कहाँ गएर बस्ने हो ? हामी के खाने हो ? हाम्रो किताब कापी सबै भित्र छ भोली स्कूल जाँदा के लग्ने हो ? भनी प्रश्न गर्दा अर्को घरमा गएर बस, किताब कपी निकाल्ने भए तुरुन्तै निकाल भन्ने जवाफ दिए। छोराले तालाबन्दीको म्याद कहिले सम्म हो ? भनि प्रश्न गर्दा तपाईको बुवाको विरुद्धमा राज्यविरुद्धको मुद्दा हाम्रो जनअदालतमा चलिरहेको छ। सो मुद्धाको फैसला नभएसम्म यो सबै सम्पत्ति हाम्रो पार्टीको कब्जामा रहन्छ। मुद्धाको फैसला नभएसम्म हाम्रो यो सम्पत्ति यसरी कब्जामा लिएर हुन्छ ? यसो भन्दा उनीहरू केही बोलेनन्।

करिब ९.३५ देखि ९.४० तिर घरमा तालाबन्दी गरेपछि उनीहरू बिनामारे गाविस तिर लागे। विनामारे गाविसमा गएपछि अर्को दिन बिहानसम्म हामी अर्काको घरमा रातभरी बस्न बाध्य भयौं। भरत सरको सानी आमासँग चापी छोडी दिएका रहेछन्। बिहान १० .३० बजे (१५ गते) मात्र ढोका खोल्ने र सूचना आदान प्रदान गर्ने काम गर्न भनेकोसमेत सुन्यौं। श्रीमानको अपहरणपछि उहाँलाई कहाँ लगियो भन्ने कुराको कुनै आधिकारिक जानकारी नभएपनि रायडाँडा तिर लगेको सुनेका छौं। अन्य कुनै जानकारी छैन। यो भन्दा पहिला असोज तिर भएको फेदीको घटनाको सम्बन्धमा अलि अलि सुन्नमा आएको थियो। भरत सरको कुनै संलग्नता थिएन। मेरो विचारमा माओवादी र जनमोर्चाको विविध क्रियाकलापले सर्वसाधारण जनतालाई अप्ठ्यारो परेको थोरै महशुस भएको छ।

## ९. सर्वसाधारण तथा बद्धिजीविहरूको भनाई

### ९.१ हरिप्रसाद पौडेल, वर्ष ४०, कुस्मीसेराबजार, सतिढुंगा माविका शिक्षक नेपाल शिक्षक संगठनकासदस्य

साउन ५ गते राङखानी गाविसको अध्यक्ष तथा जनमोर्चा नेपाल, जिल्ला सदस्य भिमवहादुर श्रीषलाई करिव १ सय २५ जनाको शसस्त्र जत्थाले खाना खान र बस्न माग्दा उनले इन्कार गरेपछि त्यस विषयमा विवाद भई निजलाई निर्मम कुटपिट गरी गम्भीर घाइते बनाए। त्यसपछि परि थापाहरूलाई एम्वुसमा पार्नु, यहींको माओवादी कार्यकर्ताले अव तपाईलहरूलाई कारवाहि गर्दछौ भन्ने वारम्वर भन्दै आएका थिए। बुर्तिवाङको घटनामा उनीहरूको र हाम्रो विचमा समझदारीपछि केही मत्थर हुँने अवस्था सिर्जना भएको थियो। मंसिर १४ गते वेलुका पख ६.३० बजे तिर खाना खाइ लगभग एक सयजना शसस्त्र हतियारधारी व्यक्तिहरूले खाना खाने ठाउँमा आज परिथापाको घरमा कारवाही गर्न हिँडेका हौं तपाईहरू करिव १०-११ बजे तिर परिथापाको घरमा कोलाहल थाहा पाउनु हुनेछ भन्ने कुराको प्रत्यक्षदर्शिलाई भनेको सुनेको हुँ। त्यस दिनको घटनामा उनीहरूको लिस्टेड व्यक्तिलाई छानी छानी कारवाही गर्ने नियतले रामप्रसाद सापकोटाको घरमा नै रहेका झपेन्द्र वहादुर क्षेत्रीलाई "अहिले तेरो पालो होइन अर्को पटक आउँदा तलाई कारवाहि गर्ने छौ" भनेबाट पनि थाहा हुन्छ। मलाई पनि उनीहरूले कारवाही गर्ने भनेर धम्की दिएका छन् र लिष्टेड पनि गरेको बुझिएको छ। मंसिर १४ गते परि थापाकी पत्नी तथा सुन्तलाचौर माविका शिक्षिका रुपा थापालाई मरणासन्न हुने गरी माओवादीले कुटपिट गरेको थाहा पायौं। भविलाल छन्त्याल, दमेक गाविसका सामन्य कर्मचारी समेत हुन्। उनलाई पनि त्यसरी नै कुटपिट गरेछन्। दमेक गाविस १ का रामप्रसाद सापकोटालाई पनि कुटपिटबाट घाइते बनाए। रामप्रसादका वावुलाई पनि कुटपिट गरे। मुटुका रोगी शालिकराम सापकोटालाई पनि कुटपिट गरेका छन्।

### ९.२ शिक्षक

घटनाको बारेमा मलाई १५ गते बिहान ८ बजे मात्र थाहा भयो। यो क्षेत्रमा जनमोर्चाले माओवादीको भण्डाफोर कार्यक्रम चलाईरहेका छन्। हाम्रो विचारमा माओवादीहरूले तर्कमा विश्वास नगरेको हो कि भन्ने हामीलाई लागेको छ। माओवादीहरू वैचारिकरूपमा प्रस्तुत हुन नसक्नुको कारण पनि मंसिर १४ गतेको घटना घटेको हो भन्ने हाम्रो ठम्याई छ। रुपा थापा हाम्रो यसै विद्यालयकी शिक्षिका हुनुहुन्छ। हाम्रो विद्यालयकी शिक्षिका माथि समेत घटेको अत्यन्त अमानवीय घटनामा यहाँहरूले चासो देखाएर यहाँसम्म आईदिनु भएकोमा हामीहरू विद्यालयको तर्फबाट समेत धन्यवाद दिन चाहन्छौं।

१५ गते हामीले अस्थायी शिक्षकहरूको आन्दोलनलाई नैतिक समर्थन गर्दै विद्यालय बन्द गरेकोले १६ गते विद्यालय खुल्नासाथ हामीले उक्त दिनको घटनाप्रति खेद प्रस्ताव पारित गरेका छौं। साथै यही २७ गते विद्यालयका शिक्षक, सञ्चालक समिति, र अभिभावको संयुक्त वैठक बोलाएका छौं, त्यसपछि हामी त्यो बैठकको निर्णयपछि उक्त घट्नाको बारेमा पत्र पत्रिकामा पनि जाने सोचमा छौं। उक्त दिन माओवादीहरू रुपा मेडमकोमा साढे सात देखि आठ बजेको समयमा आएका रहेछन्। त्यहाँ आएर घरघेरी हवाई फायर समेत गरेछन्। त्यसपछि रुपा मेडम सहितलाई बर्माजस्तो हतियारले घुमाएर पेलेछन्। यस्तो घटनाको कसैले समर्थन गर्नै सक्दैन। उक्त घटना नेवा नामक संस्थाका एकजना साथीले पनि देख्नु भएको रहेछ। उक्त दिनको घटना हाम्रो विचारमा खान बस्न नदिएपछि घटेको हो। माओवादीहरूले उक्त दिन दुखदायी र पासविक घटना घटाए। हामीलाई थाहा भएसम्म रुपा मेडमलाई केटीहरूले यातना दिएको हो। मुढालेपनि पूरी पेलेजस्तो बेल्नाले पनि पेलेछन्। उक्त घटनाको बारेमा माओवादहिरूले १८ गते शुक्रबार बिहान श्रीनगर एफ.एम. पाल्पाबाट दोहोरो भिडन्त भएको भनि आफ्नो विज्ञप्ति प्रसारण गरेका छन्। तर उक्त दिनको घटना दोहोरो भिडन्तमा पनि भएको हैन। साथै अपहरणमा परेकाहरूलाई पनि उनीहरूले सोधपुछकोलागि लिईएकोभनि सोही विज्ञप्तिमा उल्लेख गरेका छन्।

### ९.३ शिक्षक

असोज २०। २१ गते तिर जनमोर्चा नेपालको बिनामारेमा संचालित माओवादीविरुद्धको भण्डाफोर अभियान अर्न्तगतको कार्यक्रममा संलग्न हुन माथि सुन्तलाचौर र त्यस भेगका जनमोर्चाका कार्यकर्ताहरू ( रुपा मेडम, भविलाल छन्त्याल समेत ) माथिबाट झर्दै थिए। तल फेदीमा आई पुग्दा माओवादी कार्यकर्ताको

७/८ जनाको एक समूहसँग जम्का भेट भएछ। जनमोर्चाका कार्यकर्ताहरूको ठूलो समूहले एक्कासी आक्रमण गरी प्रकाश भनिने माओवादीको एरिया सेक्रेटरी उनको दुई महिनाको बच्चा र सुस्केरी पत्निसमेतलाई कुटपिट गरेको सुनिएको थियो। त्यही घटनाको सिलसिलामा मंसिर १४ गतेको घटना घटेको जस्तो लाग्दछ।

मंसिर १५ गते बिहान मात्र स्कूलमा आउँदा रुपा मेडम, भविलाल छन्त्याल, रामप्रसाद सापकोटालाई निर्मम तवरले कुटपिट गरेको सुनिएको हो। उनीहरूलाई अस्पताल बिहानै लगिएकोले भेट भएन।

## ९.४ सर्वसाधारण

०६१ साल मंसिर १४ गते घटेको घट्ना माओवादी र जनमोर्चाबीचमा भएको हो। उक्त दिन माओवादीहरूले राती आएर जनमोर्चाका मान्छेहरूलाई आक्रमण गरेका हुन्। घटनामा परि थापाकी श्रीमति रुपा पनि परेकी हुन्। घटनास्थलबाट मेरो घर टाढा भएकोले उक्त घटनाको बारेमा सोही दिन त थाहा भएन। तर अर्को दिन थाहा हुँदा अत्यन्त नराम्रो घटना घटेछ। यहाँ यस भन्दा पहिले पनि माओवादी र जनमोर्चाको झगडा परेको थियो। उनीहरूको झगडाले हामी चेपुवामा पर्न थालेका छौं। राती माओवादी आएर खान देउ भन्छ, दिउँसो जनमोर्चा आएर किन माओवादीलाई खान दिएको भन्छ।

दशैं अगाडी फेदीमा माओवादी र जनमोर्चाको झगडा भएको थियो, उक्त झगडामा माओवादीहरू घाइते भएका थिए अरे। सायद त्यसैको बदलामा माओवादीहरूले आक्रमण गरेका हुन सक्छन्।

## ९.५ सर्वसाधारण

म खेती किसान गर्छु। प्राय गरेर खेतीले नपुग्ने हुँदा म ईण्डियातिर पनि जान्छु। ईण्डिया गएर म दशैं अगाडी आएको हुँ। ०६१ मंसिर १४ गते माओवादीहरूले मलाई पनि तँ को हास् भन्दै समातेका थिए। तर मैले म जनमोर्चा हैन, सर्वसाधारण हुँ भनेपछि मलाई छोडेका हुन्। त्यसपछि उनीहरूले घटना घटाएछन्। उक्त दिनको घटना सम्बन्धमा भन्दा मेरो बिचारमा ०६१ असोज २२ गते माओवादी र जनमोर्चाबीचमा यही गाविसको फेदीमा भिडन्त भएको थियो। भिडन्तमा माओवादीहरू घाइते भएका थिए। माओवादीहरूलाई जनमोर्चाले राम्रैसँग घाइते हुने गरी पिटेका हुन। मैले भिडन्त नै नदेखेपनि भिडन्त भएको केही समयपछि त्यहाँ आई पुग्दा माओवादईहरूलाई गम्भीर घाइतेको रूपमा भेटेको हुँ। जम्मा ८ जना माओवादी मध्ये ६ जनाले पिटाई खाएका थिए। सायद दुईजना बढी गम्भीर घाइते थिए। उक्त दिन बिनामारेमा जनमोर्चाको आमसभा भएकोले जनमोर्चाहरू फेदीको बाटो भएर बिनामारे जाँदै थिए। माओवादीहरू खै कहाँबाट आएर हो फेदीबाट सुन्तलाचौरतिर जाँदै गरेका रहेछन्। २ दिन जति अगाडी जनमोर्चाको परि थापासमेतलाई ढोरपाटनमा माओवादीले आक्रमण गरेको समाचार रेडियोले भनेपछि जनमोर्चाले माओवादी कार्यकर्ता माथि उक्त दिन आक्रमण गरेका थिए। त्यसमा मओवादीहरू गम्भीर घाइते भएकोले त्यसको प्रतिशोधमा मंसिर १४ गतेको घटना हुन सक्छ।

## ९.६ समाजसेवी

दशैं अगाडी माओवादी र जनमोर्चाबीच सामान्य भिडन्त भएको हो। तर त्यो खासै भिडन्त थिएन। माओवादीहरू यस ईलाकाका नहुँदा यहाँ खासै छैनन्। तर कहिले कहीं हिंडडुल गर्छन्। ०६१ असोज २२ गते मसाल (जनमोर्चा) का कार्यकर्ताहरूबाट माओवादीका कार्यकर्तालाई कुटपिट भएको हो। त्यसैको प्रतिवाद १४ गतेको घटना हुन सक्छ। १४ गतेको घटनाका घाइते मध्ये रामप्रसादलाई मात्र मैले देखें। अरूलाई माथि बाटै लगेकोले देखिन। रामप्रसादको स्थिति अत्यन्त दयनीय थियो। जुन घटना १४ गते भयो त्यो अत्यन्त दुखदायी घटना हो। यहाँका जनताहरूलाई जनमोर्चाले माओवादीलाई किन खान दिएको भनेर सामान्य आरोप लगाउने गरेको छन् भन्ने सुन्न पाईन्छ। तर प्रत्यक्षरूपमा मैले सुनेको हैन। जनमोर्चाको पनि यहाँ केही हदसम्म आफ्नो पन देखाउने बानी छ। बिगतमा भएका चुनावमा त्यो व्यवहार जनमोर्चाबाट भएको थियो।

## ९.७ कुश्मीसेरा मोटरबाटो उपभोक्ता समितिका प्रतिनिधि

यस क्षेत्रमा माओवादी र जनमोर्चाको झगडा राङखानी गाविसको अध्यक्ष भीमबहादुर श्रीषलाई माओवादीहरूले आक्रमण गरेपछि शुरू भएको हो। सुराकी पनि नदिने खुराकी पनि नदिने भन्दै जनमोर्चाले

आफ्नो कार्यक्रम ल्याएपछि भीम श्रीषले माओवादीहरूलाई खान बस्न नदिएको कारण माओवादीले जनमोर्चाको कार्यकर्ता भीम श्रीषलाई आक्रमण गरेका थिए। त्यस्तै ढोर पाटनको जनमोर्चाको कार्यक्रममा माओवादीहरूले परि थापासमेतलाई आक्रमण गरेको भन्ने पनि सुन्नमा आएको थियो। त्यसपछि ०६१ साल असोज २२ गते जनमोर्चाको बिनामारेमा कार्यक्रम भएको र उक्त कार्यक्रममा जान जामोर्चाका कार्यकर्ताहरू दमेक गाविस ५ को फेदीको बाटो आउँदै गर्दा माओवादीसँग भिडन्त भएपछि त्यसको प्रतिकारमा जनमोर्चाहरूले मंसिर १४ गतेको घटना घटाएका हुन सक्छन्। माओवादीले उक्त घट्ना जसरी घटाए त्यो भने हृदयविदारक र अमानवीय छ। मंसिर १४ गते दाहोरो भिडन्त चाँही भएको हैन।

### ९.८ स्वास्थ्यकर्मी

मैले दमेक १ बस्ने रामप्रसाद सापकोटालाई पिटिएको कुरा १५ गते बिहान ५ बजेतिर मात्र थाहा पाएको थिएँ। रामप्रसादको भाई विष्णु सापकोटाले लौन मेरो दाईलाई माओवादीहरूले नराम्ररी कुटेका छन्। उपचारको लागि गइदिनुपर्‍यो भन्न आए। केही अरु कुरा गर्न नपाई लुगा लगाएर म उसँगैपछि लागें। करिब ६ बजेतिर रामप्रसादको घरमा हामी पुग्यौं। मैले पहिलोपटक रामप्रसादलाई हेर्दा उनी अचेत अवस्थामा थिए। उनको कम्मरभन्दा मुनिको भागमा लौरोले पिटिएको निलदामहरू र दुवै खुट्टा सुनेका  थिए। तिघ्राको घाउबाट रगत बगिरहेको थियो। कम्मरभन्दा माथिको भागमा कुनै चोटपटक नदेखिएपनि दाहिने कानमाथि सानो घाउ देखिएको थियो। अचेत अवस्थामा नै रामप्रसाद सापकोटाले छिनछिनमा बान्ता गर्ने गरेका थिए। लामोसम्मको कुटाईले उनले पिसाब समेत गर्न सकेका थिएनन्। मैले साधनस्रोतको अभावमा एण्टी बाइटीक औषधीमात्र दिएर थप उपचारको लागि बाग्लुङ्ग लान सल्लाह दिएँ।

मैले पिटिएका मध्ये अर्को शालिकराम पाठकको भाइ शिबु पाठकको पनि साधारण उपचार गरें। खुट्टामा पिटिएको, हात सुतिएको र निधारभन्दा माथि साधारण चोट भएको शिबुको अवस्था त्यति गम्भिर नदेखिएको कारण उनलाई अन्यत्र लान आवश्यक थिएन्। रुपा थापा र भविलाल छन्तयालको सम्बन्धमा उहाँहरूको गाउँसम्म पुग्न निकै समय लाग्ने र उपचारको लागि कसैले बोलाउन नआएको कारण म त्यहाँ जान सकिन। राजनीतिक मतभिन्नता अनावश्यक दु:ख दिने प्रवृतिले गर्दा यस्ता घटनाहरू घट्ने गरेका छन्। जनमोर्चा बहुमत भएको बाग्लुङ्ग जिल्लाका गाविसहरूमध्ये पर्ने यो गाँउमा पनि माओवादी र जनमोर्चा बिचको दुरी यो घटनाले बढाएको छ।

## १० घटनासम्बन्धमा राजनीतिक दलको भनाई

### १०.१ स्थानीय एमाले कार्यकर्ता

उक्त घटनाको सम्बन्धमा भन्नुपर्दा मंसिर १४ गते पूर्वको अवस्थालाई पनि अलिकति हेर्नुपर्ने हुन्छ। केही दिन अगाडी जनमोर्चाको बिनामारे गाविसमा कार्यक्रम थियो। सो कार्यक्रममा जनमोर्चाका  यस भेगका कार्यकर्ताहरू फेदीको बाटो हुँदै बिनामारे जाँदा फेदीमा माओवादीका ५/७ जना कार्यकर्ताहरू माथि जनमोर्चाले आक्रमण गरेको सुनिएको थियो। सुनिए अनसार उक्त घटनामा यस एरियाको माओवादीको ईञ्चार्ज भनेर चिनिएको प्रकाश र दुई महिनाको बच्चा सहितकी महिलामाथि आक्रमण भएको थियो। साथै कुस्मीसेरामा भएको जनमोर्चाको भण्डाफोर कार्यक्रममा रिर्पोटिङ्गकोलागि आएको माओवादीको एक कार्यकर्तालाई पनि जनमोर्चाका कार्यकर्ताहरूले त्यसभन्दा अगाडी कुटपिट गरी खोल्सामा फालेको समाचार पनि सुन्नमा आएको हो। यसबाट माओवादी र जनमोर्चाका कार्यकर्ताहरूको बीचमा भिडन्तको अवस्था सृजना भईरहेको अनुमान गर्न सकिन्छ। जहाँसम्म मंसिर १४ गतेको घटनाको सम्बन्धमा उक्त दिन म रेडियो सुनेर सुतिरहेको थिएँ। त्यहीं समयमा एक फायरिङ्ग भएको आवाज आयो। फायरिङ्ग परि थापाको घरमा भएको रहेछ। त्यसपछि एकजना महिलाको हाते माईकमा आएजस्तो आवाजमा आदरणीय बुबा, आमा घरबाट ननिस्कनु होला भन्ने आवाज आयो। त्यसपछि लगत्तै ढोका जोडले ढ्याक ढ्याक गरेको सुनियो, त्यही समयमा रूपमा मेडमको चित्कारपूर्ण रुवाईको आवाज समेत सुनियो। भविलाल छन्त्याललाई घिसार्दै स्कूलमुनि लगेका रहेछन्। जुन मेरो घरको उत्तरपट्टिबाट एकजना व्यक्ति रोएको आवाज सुनियो। आवाजमा मलाई नपिट, मेरो केही दोष छैन भन्दै थियो। सोही समयमा राती त्यहाँ जानसक्ने अवस्था थिएन। घटनाको समयावधि करिब एक घण्टामा एक पटक प्रकाश भनेर बोलाएको समेत सुनेको थिएँ। यो भन्दा पहिला माओवादीले खाना ख्वाउन दवाव दिने, चन्दा माग्ने गरेका थिएनन्।

### १०.२ स्थानीय नेपाली कांग्रेस कार्यकर्ता

किर्तिनाथ सापकोटाले सोही दिन आफु घर नभएकोले केही पनि थाहा नपाएको बताए। निजका स्कूल पढ्ने छोरीहरूले १४ गते राती ७.४० बजे रुपा थापाका घरमा कोलाहल भएको सुनेका हौ। त्यति बेलमा गोली चलेको आवाज पनि सुनिएको थियो। घटना घटनुको कारणको बारेमा केही थाहा भएन। यो भन्दा पहिला माओवादीले कुनै प्रकारको दुःख दिने गरेका थिएनन्। हामीले प्रत्यक्ष देख्न सकेनौ। त्यसैले आफुहरूले घटनाको बारेमा खासै थाहा पाएनौ सुनेको मात्र हो।

### १०.३ लीलाबहादुर थापा मगर, पूर्व जिविस सभापति तथा जनमोर्चा नेपालको केन्द्रीय सदस्य

यस जिल्लामा घटेका घटनाहरूको सम्बन्धमा २०६१ साल साउन ५ गते राङखानी गाविसका अध्यक्ष भीमबहादुर श्रीष माथि आक्रमण , ०६१ भदौ १७ गते अखिल नेपाल जनवादी युवा संघ वाग्लुङ्गका उपाध्यक्ष टेकबहादुर घर्ती, २० गते अ.ने.कि.संघका केन्द्रीय सदस्य धर्मबहादुर कुँवर र २१ गते जनमोर्चा नेपाल बाग्लुङ्गका उपाध्यक्ष तुलसीराम अर्याल समेतलाई अपहरण गरे। त्यपछि ०६१ साल असोज १४ गते ढोरपाटनमा धराप थापी सकेट बम सहित हामीमाथि माओवादीले आक्रमण गरे। माओवादीहरूले केन्द्रीय सहमतिपछि पनि टेकबहादुर घर्तीको घरमा पाँच लाख रुपैंया ०६१ मंसिर ५ गते लुटी ७२ वर्षकी आमालाई समेत निर्घातरूपमा कुटपिट गरी घरमा ताला लगाईदिए। हाल चारजना छोराछोरी सहित ६ जनाको परिवार वाग्लुङ्गमा विस्थापित हुनु परेको छ। मंसिर महिनाको ७ र ८ गते थर्लिङ्ग गाविसको अ.ने.म.संघको जिल्ला सदस्यको घरबाट पुरै सामान लटेर लगेका छन्।

काँडेवासको प्रदाफास अभियानमा मलाई भौतिक कारवाही गर्ने चेतावनी दिने र मेरो घरमा तालाबन्दी गर्ने कार्य गरे। काँडेवासकै थालेपोखरामा वडाध्यक्ष गुन्जबहादुर खत्रीलाई कुटपिट गरे। मंसिर ११ गते बेलुका हुग्दीसेरा गाविसका १, २, ४, ५ र ९ मा आएर मंसिरको १२ गते बराङ्ग बजारको पर्दाफास अभियानमा प्रत्येक घरबाट संलग्न हुनु पर्दछ। जो जादैन उसको घरमा ताला लगाईनेछ  र रुकुम, रोल्पामा लगी बँकर खनाईनेछ। भनि उर्दि जारी गरे। सोही दिनमा मिलन विसीलाई अपहरण गरे। जनमोर्चाका कार्यकर्तालाई समेत घेराहाली आफ्नो अभियानमा सामेल गराए। तर पनि जनमोर्चाका कार्यकर्ताहरूले घेराहाली निजलाई मुक्त गरे। मुनिश्वर शर्मा पौडेल, केयरसिंह पुन समेतका व्यक्तिलाई कुटपिट गरी अपहरण गरे। उल्टै जनमोर्चाका कार्यकर्ताहरू माथि फायरिङ्ग गर्दै भागे। मंसिर १३ गते रायडाँडामा आई क्याम्प बनाए। फेदीको घटनाको सम्बन्धमा असोज २० गते विनामारेमा युवा मार्च कार्यक्रम थियो। सोही कार्यक्रममा भाग लिन हाम्रा कार्यकर्ताहरू माथि सुन्तलाचौरबाट तल झर्दा फेदीमा आठ दशजना माओवादी कार्यकर्ताहरूलाई कुटपिट गरेको सुनियो। उक्त कुटपिट गरी हाल्ने कार्य उपयुक्त थिएन। त्यतिबेला माओवादीका सबै व्यक्तिहरू घाइते भएको सुनिन्थ्यो। साउन २० गते सेरामा भएको हाम्रो कार्यक्रममा माओवादी कार्यकर्तालाई कुटपिट गरेको पछि मात्र थाहा भयो। त्यस दिन सर्कुवा गाविस ५ मा भएको कार्यक्रममा भाग लिन आएका व्यक्तिहरूलाई रोक्ने, अपहरण गर्ने जस्ता कार्य गर्न खोज्दा माओवादीहरूलाई हाम्रा कार्यकर्ताहरूले उल्टै लखेटे। मंसिर १४ गते घटनाको सम्बन्धमा तपाईहरू नै सम्बन्धी ठाउँको अवलोकन गरेको हुँदा व्याख्या गर्नु पर्ने आवश्यक परेन। माओवादीका जिल्ला न्यायधिससहित पाँचजनालाई हाम्रो कार्यकर्ताले अपहरण गरेका छन्। उनीहरू मध्ये तीनजनालाई छाडि सकेको छ (बोराङ्ग क्षेत्रबाट)। अरु बाँकीलाई पनि उनीहरू समझदारीमा आएमा तत्कालै छाडन तयार छौं। हाम्रो अपहरणमा परेका व्यक्तिहरूलाई आधारभूत सुविधा सहित कुनै यातना नदिई राखेका छौं।

हाम्रो पार्टी र माओवादीबीच केन्द्रीय तहमा भौतिक आक्रमण नगर्ने, अपहरणमा परेका व्यक्तिलाई एक अर्का दुवैले छोड्ने, भौतिक सामग्रीहरू फिर्ता दिने, घाइतेलाई आ-आफ्नो पार्टीले उपचार गर्ने, दुई तिनजनाको वार्ता समिति बनाउने, जिल्ला तहमा दैलेख, दाङ्ग र ढोरपाटनमा भएका घटनालाई केन्द्रीय स्तरको आयोग बनाएर छानबिन गर्ने समझदारी भएको थियो। तर माओवादीबाट समझदारी अनुसारको कुनैपनि कुराहरू कार्यान्वयन नगर्नु, नहुनुले माओवादीमा आपराधिक मानसिकता भएको प्रष्ट हुन्छ।

### १०.४ शालिकराम सापकोटा, ५७ वर्षीय, दमेक गाविस १ (जनमोर्चा नेपालको गाउँ कमिटी अध्यक्ष)

करिब १०.४५ बजे तिर रुपा थापा, राम प्रसाद सापकोटालाई कुटपिट गरी सकेपछि मेरो घरमा माओवादीहरू आए। सो समयमा आफू मुटुको विरामी भएकोले औषधी खान उठेर बसेको थिएँ। त्यही समयमा मेरो घरमा आए मलाई लछार पछार गरी कुटपिट गरे मैले आफूलाई सन्चो नभएको विरामी भएको पटक पटक अनुरोध गर्दा पनि निर्घात लाठी र पछाडीबाट मुक्काले हाने। श्रीमती र छोरीलाई समेत सामान्य कुटपिट गरे। मंसिर १५ गते बाग्लुङ्ग अस्पताल गई उपचार गरी १६ गते घर फर्किएँ।

## १०.५ शोभाप्रसाद शर्मा जनमोर्चा अध्यक्ष, कुश्मीसेरा गाविस

घटनाको सम्बन्धमा मैले मंसिर १३ गते माओवादीहरूको रायडाडाँमा जम्मा भएको सुनियो। करिब ४०० को संख्यामा सो जत्था त्यो रात त्यही बसेर १४ गते रामतोला भन्ने ठाउँमा भात खाएको बुझिएको थियो। त्यसपछि कुश्मीसेरा ९ बाट दुई भागमा विभाजन भएर एक टोली दमेक परी थापाको घरमा र अर्को टोली कुश्मीसेरा बजार हुदैं भरत पौडेल (जनमोर्चा जिल्ला कमिटी सदस्य)को घरमा पुगेको र भरत पौडेललाई घरमा नभेटेपछि उनीहरू विनामारेतर्फ लागेका थिए। विनामारेको तीनवटा घरहरूमा छापामारेपछि भरत पौडेललाई दिल प्रसाद शर्माको घरमा भेटेका थिए। भरत पौडेललाई त्यहींबाट अपहरण गरी लगेको बुझिएको छ। उता दमेकको ग्रुपले परी थापाको श्रीमति रुपा थापा र नजिकै बस्ने भविलाल सन्तयाललाई एकैचोटी आक्रमण गरी घाइते तुल्याएको बुझिएको छ। दुवैजनालाई सख्त घाइते पारिसकेपछि माओवादीहरू कृष्ण सापकोटाको घरमा पुगेर उनको आमालाई हातपात गरेका थिए। त्यहाँबाट पनि उनीहरू रामप्रशाद सापकोटाकहाँ आक्रमण गरेका थिए।

सो सिलसिलाबद्ध आक्रमण र अपहरणको घटनालाई जनमोर्चाकोतर्फबाट काठमाडौमा प्रेस सम्मेलन गरी माओवादीको क्रियाकलापको घोर भर्त्सना र प्रतिकार गर्ने घोषणा गरेका छौं। साथै घाइतेहरूको उपचार र अपहरित साथीहरूको रिहाईको लागि पहल गर्दैछौं। हामी र हाम्रो कार्यकर्ताहरूमाथिको आक्रमणलाई अन्य कुनैपनि पार्टीहरूले कुनै प्रतिक्रिया जनाएका छैनन्। माओवादीहरूले जनमोर्चालाई मित्र शक्तिको रूपमा लिएपनि जनमोर्चाको प्रभाव र आकर्षण जनमानसमा राम्रो रहेको र यो क्षेत्रमा उनीहरूले आफ्नो प्रभाव देखाउन नसकेको कारणले यस्तो आक्रमण गरेको हुनसक्छ। माओवादीलाई चन्दा नदिने र खान बस्न नदिएको र उनीहरूको ज्यादतिविरुद्ध भण्डाफोर अभियान सञ्चालन गरेको कारण पनि हाम्रो कार्यकर्ताहरूमाथि आक्रमण गरिएको हो। यस्तै क्रियाकलापलाई निरन्तरता दिइरहे हामी पनि चुप लागेर बस्दैनौं। तर हामी माओवादीहरूसँग द्वन्द्व गर्न चाहन्नौ र यस्तो क्रियाकलाप नगर्न आव्हान गर्दछौं।

## १०.६ मीना लक्ष्मी आचार्य (शर्मा), वर्ष ४१, विनामारे गाविस २, अनेमसंघ जिल्ला सल्लाहाकार

मंसिर १४ गते १०.५० बजे माओवादीहरू भरत पौडेलको खोजीमा मेरो घरमा आए । सुतिरहेको अवस्थामा भरत सर यहाँ हुनुहुन्छ भनेर सोधे। भरत यहाँ हुनुहुन्न भनेर हामी ले जवाफ दियौं। तर उनीहरूले विश्वास नगरेर भरत सरको जुत्ता यहीं छ तपाईले किन ढाट्नु हुन्छ, होइन भने बाहिरको जुत्ता कस्को हो त ? त्यतिबेलासम्म उनीहरूले जुत्ता लुकाइसकेका रहेछन्। यती भनीसेकेपछि भरत सर माथि हुनुहन्छ भन्ने जवाफ दिन बाध्य भए। मेरो अनुमति विना २०, २१ जना माओवादी मध्ये करिव तीनजना तुरुन्तै मेरो घरको तलामा जवरजस्ती चढे। त्यसपछि तिनीहहरूले भरत सर भनी बोलाए तर पल्लो पट्टिको कोठाबाट बोल्नु भयो जहाँ डिलराज आचार्य(श्रीमान)र भरत सर सुतिरहनु भएको थियो। अन्य २,३ जना माओवादी अर्को ढोकाबाट माथि चढे। र भरत सरलाई कब्जामा लिए। भरतसरलाई कब्जामा लिएपछि भरतसरलाई लुगा, फाटा लगाउनुहोस भने र बाटोमा लगी डोरीले हात बांधे। डिलराज आचार्यलाई तपाईले हेर्नु हुदैन तपाई फर्कनहोस भनी फर्काए। अपहरणपछि भरत सरले म लाई भन्नु भयो "मीना म यहाँहरूको जिम्मा, यहाँहरूले जे गरेपनि गर्नुहुन्छ तिमिले घरतिर पनि सर्म्पक गर्नु "। हाम्रो कोलाहल सुनेपछि गाउँका डोलनाथ पौडेल, नारायण पौडेल, इश्वरी पौडेल, नारायण पौडेल, भवानी आचार्य, टेकनाथ आचार्य, हरिदत्त आचार्य, हरि आचार्य, गुरुप्रसाद आचार्य, नारायण आचार्य, लिला आचार्यलगायत ११ जना छिमेकीहरू माथिबाट आउनु भयो। ती छिमेकीहरू आउँदै गर्दा घर माथि नै माओवादीसँग जम्काभेट हुँदा माओवादीहरूले उहाँहरूमाथि आक्रमण गरी घाइते बनाए।

## ११. घटनासम्बन्धमा प्रशासक तथा सुरक्षा निकायको भनाई

### ११.१ श्री प्रेमनारायण शर्मा, प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, बाग्लुङ्ग

मेरो आफ्नो भनाईमा यो जिल्ला जनमोर्चा अत्यन्त प्रभाव रहेको क्षेत्र हो। गाउँका डाँडाहरूमा माओवादीको प्रभाव रहेको भएपनि यि दुवै आफूलाई मित्र शक्तिको रूपमा लिन्छन्। जनताहरूलाई आफ्नो संरक्षण प्रदान गर्ने गरेको र जनमोर्चाको जनमूखि कार्यक्रमहरूले गर्दा सो पार्टीको निरन्तर प्रभाव पर्दै गएको र एकाधिकार स्थापित हुदैं आएका छ। केही नीतिगत कार्यहरूमा समानता रहेपनि बढ्दो आकर्षणको कारण माओवादीहरूले रीस गरेको हुनुपर्छ। सोही रीसको कारण डेढ वर्षअगाडी माओवादी र जनमोर्चा बिच द्वन्द्ध सिर्जना भएको छ। जनमोर्चाले सरकारलाई विश्वास गर्दैनन् त्यसकारण उनीहरूमाथि हुने हिसांको हामीलाई जानकारी गराउँदैनन्। जानकारी बिना कुनै कार्यहरू गर्न हामीलाई पनि अप्ठयारो पर्दछ।

मंसिर १४ गतेको घटनाको सम्बन्धमा हामीलाई कुनै आधिकारीक जानकारी जनमोर्चाले दिएको छैन्। हामीले संचार माध्यमबाट मात्र जानकारी पायौं। जानकारी नपाए पनि आफ्नो क्षेत्रको जनतालाई सहयोग गर्ने गरेको छु।

रुपा थापाको सम्बन्धमा गृहबाट मात्र शिफारिसको लागि मागेका थिए। हामी उहाँलाई सक्दो सहयोग गर्छौं यस्तै अन्य उजुरी अथवा सिफारीसहरू परे अरुलाई पनि सहयोग गर्न तत्पर छौं। राहत सहयोगको लागि जि.प्र.काले सहयोग गर्ने छ।

त्यस्तै माआवादीहरूविरुद्ध कहीकतैबाट उजुरी पर्ने गरेको छैन्।

### ११.२ सेनानी नरेन्द्र चन्द तथा सेनानी आनसिंह विष्ट, २३ नं. बाहिनी

दमेकमा मंसिर १४ गते घटेका घटनाहरूको बारेमा औपचारिक जानकारी हामीले अहिलसम्म पनि प्राप्त गरेका छैनौं। सञ्चार माध्ययम नै हाम्रो जानकारीको श्रोत हो। उक्त घटना घटने पूर्व जानकारी हामीलाई थिएन। घटना घटने पूर्व जानकारी भएको भएत त्यहाँ जनमोर्चा स्वयंले नै पनि प्रतिकार गर्दथ्यो। हामीलाई जनमोर्चाले गर्ने कार्यक्रमहरूको बारेमा कुनै जानकारी दिने गर्दैन, आफ्नै खुशीले कार्यक्रम सञ्चालन गर्दछन्। हामीलाई पूर्व जानकारी नहुँदा पनि कतिपय स्थानमा सुरक्षा दिन नसकिने अवस्था हुन्छ। पूर्व जानकारी दिएमा सुरक्षा दिन सेना तयार छ। दमेकमा तुरुन्त त्यस्तो सुरक्षाकोलागि हामी जाने कार्यक्रम छैन। फेरी स्थायीरूपमा त्यहाँ बस्न सक्ने अवस्था पनि छैन। तर बाग्लुङ्गको अन्य क्षेत्रहरूमा हामीले नियमित हाम्रो सेवा दिईरहेका छौं। दमेक घटनाका पीडितहरूले फोनबाट हामीसँग हेलिकप्टरकोलागि अनुरोध गरेका थिए। हामीले पनि हेलिकप्टर उपलब्ध गराउने प्रयास गरेका थियौं। तर पण्डौनमा भरखरै घटना भएकोले हेलिकप्टर व्यस्त थियो, सायद विरामीको अवस्था हेरेर होला वहाँहरूले आफैंले हेलिकप्टर चार्टर गरेर लानु भएछ। त्यहाँ हाम्रो सेवा ढिलो भयो। बाग्लुङ्गको दक्षिणी क्षेत्रमा हाम्रो उपस्थिति करिब १ वर्ष अगाडी देखि छैन।

### ११.३ नि.प्रमुख प्रहरी निरीक्षक बुद्धि गुरुङ्ग, जिल्ला प्रहरी कार्यालय

दमेकमा घटेको घटनाको बारेमा हामीलाई औपचारीक जानकारी छैन। हामीले सञ्चार माध्ययमबाट मात्र सुनेका हौं। जनमोर्चा तथा पीडित वा अन्य कोही पक्षबाट पनि घटनामा संलग्न व्यक्तिहरूलाई कारवाही गरी पाऊँ भनि कुनैपनि किसिमको जाहेरी आजसम्म परेको छैन। त्यो क्षेत्रका जनताहरूलाई शान्ति सरक्षा दिने सवालमा अहिले संयुक्त सुरक्षा फौजको अवधारणा भएकोले संयुक्तरूपमा नै निर्णय गर्नुपर्ने अवस्था छ। अहिले पनि हामीले श्रोत साधन समेतको कारण जिल्ला भरी पर्याप्त सुरक्षा दिन नसकेको अवस्था छ। सोही अवस्था दमेक र विशेष गरी बाग्लुङ्गको दक्षिणी क्षेत्रमा छ। यस सम्बन्धमा सेना अहिलेको अवस्थामा सुरक्षा दिने अग्र स्थानमा रहेको हुँदा उसले खटाएमा प्रहरी सो क्षेत्रमा पनि जान तयार रहेको छ।

## १२. नेकपा माओवादी

नेकपा माओवादीका जिम्मेवार व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गर्न अनुगमन टोलीले धेरै प्रयास गर्दा पनि सम्भव भएन। उनीहरूलाई भेट्नकोलागि टोलीले सम्भावित ठाउँहरूमा सूचनाहरू छोड्दै हिंडेको भएपनि उनीहरू टोली घटनास्थलमा रहँदा र बाटोमा समेत सम्पर्कमा आउन नसकेको अवस्था रह्यो। यद्यपी घटनाको सम्बन्धमा उनीहरूको प्रेस विज्ञप्ति टोलीलाई प्राप्त भएको छ। उक्त प्रेस विज्ञप्ति अनुसार

जनमोर्चाको केशप्रति गम्भीर भएको र आफुले त्यसको जिम्मा लिएको। एरिया सचिव प्रकाश, उनकी श्रीमति अनिताभण्डारी, सुफाव, संघर्ष, मधु समेतलाई लालबहादुर छन्त्याल, रुपा थापा, भविलाल छन्त्यालले मरणासन्न हुनेगरी कुटपिट गरेकोले सो को प्रतिरोधमा हानिएको माओवादीले स्वीकार गरेका छन्।

### १३. पूर्व प्रकाशित सामग्रीहरूको विश्लेषण

माथि उल्लेखित घटनाहरूको बारेमा विभिन्न राजनीतिक दल तथा राजनीतिक दलका भातृ संगठनहरूबाट प्रेस विज्ञप्ति, प्रेस वक्तव्य, अपील, वत्तव्य जारी भएका छन् भने घटनाको सम्बन्धमा कान्तिपुर दैनिकलगायतका पत्रिकाहरूमा समाचारसमेत प्रकाशित भएका छन्। प्रेस विज्ञप्ति निम्न मितिमा निम्न दलहरूबाट प्रकाशित भएको देखिन्छ। जसको विस्तृत पाठ अनुसूची १ मा समावेश गरिएको छ।

| क्र. सं. | जारी गर्ने दलको नाम | जारी मिति |
|---|---|---|
| १. | अखिल नेपाल जनवादी युवा संघ, बाग्लुङ्ग | २०६१/३/१२ |
| २. | नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) जिल्ला तदर्थसमिति बाग्लुङ्ग | २०६१/५/१४ |
| ३ | अखिल नेपाल जनवादी युवा संघ, बाग्लुङ्ग | २०६१/५/२१ |
| ४. | जनमोर्चा नेपाल जिल्ला कार्यालय बाग्लुङ्ग | २०६१/५/२४ |
| ५. | नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) जिल्ला तदर्थसमिति बाग्लुङ्ग | २०६१/६/१८ |
| ६. | नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल) केन्द्रीय कार्यालय | २०६१/८/८ |
| ७. | जनमोर्चा नेपाल जिल्ला जिल्ला तर्दथ समिति | २०६१/८/७ |
| ८. | जनमोर्चा नेपाल जिल्ला कार्यालय बाग्लुङ्ग | २०६१/८/१५ |
| ९. | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २०६१/८/१६ |

## १४ त्रि.वि.शिक्षण अस्पताल, काठमाडौंमा उपचार गराइरहेका घाइतेहरूको अवस्था

### १४.१ रुपा थापा

रुपा थापाको दुवै खुट्टा र शरीरमा निल डामहरू थियो। पैतालहरू सुन्निएका थिए। चोटको प्रकृति हेर्दा तिखो फलामको फिरले रोपेको जस्तो देखिन्थ्यो। पिडौंलामा एका तिर प्वाल र अर्कातिर मासुका स-साना टुक्राहरू निस्किएको थियो। पैतालादेखि कम्मरसम्म पूरै सुन्निएको थियो। हिँड्न सक्ने अवस्थामा देखिएन। उहाँ सामन्य बोलचाल गर्न सक्ने अवस्थामा हुनुहन्थ्यो।

### १४.२ भविलाल छन्त्याल

निधारमा कोटेको थियो। उनको खुट्टामा निलो डाम थियो। उनको खुट्टा भरि निल डाम थियो, शरीरमा लठ्ठिले, फलामका सुइराहरूले रोपेको जस्तो देखिन्थ्यो। टेक्न सक्ने अवस्थामा उनी थिएनन्। सामन्य बोलचाल गर्न सक्थे।

### १४.३ रामप्रसाद सापकोटा

दुवै खुट्टामा प्लाष्टर गरिएको थियो। उनका पत्नीका अनुसार दुवै खुट्टा भाँचिएको र दाहिने हात पनि भाँचिएको आशंका गरिएको थियो। उनको कम्मरमा पनि निलो डामहरू देखिन्थे। पैतलादेखि कम्मरसम्म पूरै सुन्निएको र कम्मरमा पनि गम्भीर चोट लागेको थियो।  उनी बोल्न सक्ने अवस्थामा देखिएन। माथिका दुईजना भन्दा उनी बढि गम्भीर भएको हामीले थाहा पायौं। पहिला रुपा थापालाई, त्यसपछि भविलाल छन्त्याल र अन्तिममा रामप्रसाद सापकोटालाई माओवादीले कुटपिट गरेका थिए। कुटपिटबाट उनको मृगौलामा असर परेकोले थप उपचारका लागी टिचिङबाट वीर अस्पताल लगिएको छ।

## १५. घटनाक्रम

०६१ साउन ५ गते राङखानी गाविसको निवर्तमान अध्यक्ष भिम श्रीषलाई खानबस्न नदिएको आरोपमा माओवादीले कुटपिट गरेपछि झगडाको शुरुवात भएको हो। त्यसपछि जनमोर्चा नेपालका रुपा थापालगायतका कार्यकर्ताहरूले दमेक गाविस ५, फेदि भन्ने ठाउँमा माओवादीका एरिया सेक्रेटरी प्रकाश र उनको सुत्केरी पत्नीलाई ०६१ असोज २० गते कुटपिट गरेका थिए। असोज २० गतेको घटनामा संलग्न भएको आरोपमा माओवादीले ०६१ मंसिर १४ गते रुपा थापा, भविलाल छन्त्याल र रामप्रसाद सापकोटालाई निर्मम यातना दिइएको स्थलगत अध्ययनको क्रममा थाहा भएको छ।

१) नेकपा माओवादीका कार्यकर्ताहरूको "सुराकी पनि नगर्ने र खुराकी पनि नदिने" जनमोर्चा नेपालको स्थानीय तहको निर्णय बमोजिम राङखानी गाविसका निर्वतमान अध्यक्ष भीम श्रीषले पहिलो पटक ०६१ साउन महिनाको शुरू तिर  नेकपा माओवादीका कार्यकर्ताहरूलाई घरमा खान बस्न दिएनन्।
२) भीम श्रीषले खान बस्न नदिएपछि नेकपा माओवादीका कार्यकर्ताहरूले ०६१  साउन ५ गते भीम श्रीषमाथि आक्रमण गरे।
३) भीम श्रीषमाथि आक्रमण भएपछि कुश्मिसेरामा ०६१ साउन २० गते भएको जनमोर्चाको भण्डाफोर कार्यक्रममा रिर्पोटिङ गर्न आएको माओवादीको कार्यकर्तालाई जनमोर्चा नेपालका कार्यकर्ताले कुटपिट गरी घाइते बनाई खोल्सामा फाले।
४) यसपछि ०६१ भदौ १७ गते अखिल नेपाल जनवादी युवा संघका जिल्ला उपाध्यक्ष टेकबहादुर घर्ती, २० गते अ.ने.कि.संघको केन्द्रीय सदस्य धर्मबहादुर कुँवर, भदौ २१ गते जनमोर्चा नेपाल बाग्लुङ्गका जिल्ला उपाध्यक्ष तुलसीराम अर्याललाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी यातनासमेत दिई वेपत्ता पारे।
५) असोज १४/१५ गतेतिर ढोरपाटनमा परि थापा समेतमाथि नेकपा माओवादीका कार्यकर्ताहरूले आक्रमण गरे।
६) ०६१ असोज २० गते दमेक गाविसको  फेदीमा जनमोर्चा नेपालका कार्यकर्ताहरूले नेकपा माओवादीका कार्यकर्ताहरू माथि आक्रमण गरे।
७) मंसिर ५ गते नेकपा माओवादीले टेकबहादुर कुवँरको सम्पत्ति लुटपाट गरे।
८) मंसिर ७ र ८ गते दर्लिङ्ग गाविसमा अ.ने.म.संघको जिल्ला सदस्यको घरमा माओवादीले लुटपाट गरे।
९) मंसिर १२ गते बऱ्याङ्ग बजारमा भएको नेकपा माओवादीको कार्यक्रममा नेकपा माओवादीका कार्यकर्ताहरूले जनमोर्चाका कार्यकर्तामाथि कुटपिट गरे।
१० दमेक-४ स्थित फेदी भन्ने ठाउँमा जनमोर्चा नेपालका कार्यकर्ताले माओवादीका एरिया सेक्रेटरी प्रकाश र उनको पत्नीमाथि ०६१ असोज २० गते गरेको आक्रमणपछि माओवादीले ०६१ मंसिर १४ गते राती जनमार्चा नेपालका कार्यकर्ता माथि आक्रमण गरे।

## १६. निष्कर्ष

१) जनमोर्चा नेपालले घटनाको सम्बन्धमा आवश्यक कारवाहीको लागि कुनै कानूनी प्रक्रिया शुरु गरेको वा पुऱ्याएको देखिएन।
२) बाग्लुङ्ग जिल्लाको विनामारे, कुश्मीसेरा, दमेक र सर्कुवामा ०६१ मंसिर १४ गतेको घटनाको बारेमा स्थलगत अध्ययन गर्दा सो घटनालाई राजनीतिक पक्षहरूबीचको पुरानो वैमनस्यता बढ्दै गई बदलाको भावनास्वरुप भएको बुझियो।
३) सो क्षेत्रमा आफ्नो राजनीतिक वर्चस्व वा एकाधिकार कायम गर्ने निमित्त राजनीतिक हठको परिणाम स्वरुप सो घटना भएको अध्ययन टोलीको ठहर छ।
४) माओवादी र जनमोर्चाबीचको वैमनस्यका कारण उत्पन्न वातावरणमा सर्वसाधारणले असुरक्षा महसुस गरेको पाइयो।
५) राजनीतिक विचारधाराहरूलाई एकले अर्कोलाई सम्मान गर्नुपर्ने अवस्था छ। सो भावनाको अभाव दुवै पक्षमा देखियो।
६) माओवादीद्वारा जेनेभा महासन्धिको साझा धारा ३ को व्यापक उल्लघंन भएको देखियो।

७) घाइते पीडितहरूको अवस्था हेर्दा निर्मम र अमानवीय ढंगले कुटपिट गरेको प्रष्ट देखियो।

८) विद्यालयको नजिक घटना भएको हुँदा त्यहाँ अध्ययनरत विधार्थीहरूमा मानसिक असर परेको छ। घटना भएपछिका दिनहरूमा विद्यार्थीहरूले चाँडै घर जान हतार गर्ने गरेको पाइयो। उनीहरू असुरक्षाका कारण अझैपनि सशंकित हुन थालेको स्थानीय बासिन्दा आतंकित हुने गरेको बुझियो।

## १६.१ सुझाव

१) दुवै पक्षलाई एक अर्का सहअस्तित्व स्वीकार गरी तनाव कम गर्न अग्रसर हुनुपर्छ। यस क्रममा माओवादीले अपहरितहरूलाई तत्काल मुक्त गर्नुपर्छ।

२) दुवै पक्षहरूबीच समझदारी कायम हुन सकेमा असल राजनीतिक संस्कारको  विकास हुने देखिन्छ।

३) मानवअधिकारको सम्मान गर्न राजनीतिक दलहरूले अरुको अस्तित्व र भूमिकालाई पनि स्वीकार गरी आफ्नो लक्ष्यप्रति उत्तरदायी हुनुपर्ने देखिन्छ।

४) समाजमूखी भएर जनताको पक्षमा सम्बन्धित पक्षले आ–आफ्नो क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

५) मानवअधिकारसम्बन्धी जेनेभा महासन्धिको साझा धारा ३ सम्मान गर्नुपर्ने सम्बन्धित पक्षसमक्ष अध्ययन टोलीको आग्रह छ।

६) समाजका हरेक वर्ग र तहका व्यक्तिहरूको मानवअधिकारको रक्षाको निमित्त दुवै पक्ष गंभीर भई आफ्नो क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

७) त्यो क्षेत्रमा राज्यको उपस्थिति शून्य भएकाले सरकारले विशेष ध्यान दिनु पर्ने देखिन्छ।

## अनुसूची एक

विभिन्न पार्टीले जारी गरेको प्रेस विज्ञप्तिहरू

